*प्रधान सम्पादक*

**संघनायक भिक्षु अश्वघोष महास्थविर**

**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७,९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६२

नेपाल सम्बत् ११३९

इस्वी सम्बत् २०१९

बिक्रम सम्बत् २०७५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly


**21st MARCH 2019**

| वर्ष- ३६ | अङ्क- १२ | फागु पुन्हि | चैत्र २०७५ |
|---|---|---|---|


**न छोराले रक्षा गर्न सक्छ, न बुबाले रक्षा गर्न सक्छ, न त बन्धुजनले। मृत्यु आउने बेला कसैले रक्षा गर्न सक्दैन।**

**यो कुरा जानेर पण्डितजनले शीलवान् भई निर्वाण तर्फ जाने मार्ग छिटो सफा गर्नु।**

**वेहोशीपूर्वक निदाइरहेका गाउँलाई बाढीले बगाएर लगे जस्तै आफ्ना पुत्र पुत्री र प्राणीहरू उपर आशक्ती मा भुली वेहोशी बन्ने ब्यक्तिलाई मृत्युले बगाएर लान्छ।**

**यहाँ वार्षाकालमा रहने छु, यहाँ हेमन्तकालमा रहने छु भन्दै पञ्चकाम सुखमा बेहोशी बनी रमाइरहने। मूर्खजनले एक्कासि आफूलाई आउन सक्ने (मृत्यु रूपी) विघ्न बाधालाई होश पुऱ्याउन सक्दैन।**


Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# मर्नु छ एकदिन

**परे च न विजानन्ति मय मेत्थ यमामसे ।**
**ये च तत्थ विजानन्ति ततो सम्मन्ति मेधगा ॥**

धम्मपदमा उल्लेखित बुद्ध वचन हो यो । यस गाथामा भगवान् बुद्धले दिनुभएको ज्ञान यस्तो छ–

"मूर्ख व्यक्तिले मात्र एकदिन मनुपर्छ भन्ने विषयमा विचार गर्न सक्दैन । तर जसले एकदिन मर्नुपर्छ भनेर सत्यतालाई भित्री मनले बुझ्नेछ, मर्नका लागि जन्मिएको प्राकृतिक नियमलाई थाहा पाउनेछ, तब मात्र कलह शान्त हुनेछ ।"

हुन पनि हो आजभोली जति पनि कलह र अशान्ति मच्चिरहेको छन् त्यसको प्रमुख कारण नै एकदिन मर्नुपर्छ भन्ने प्राकृतिक नियमलाई भित्री मनले बुझ्न नसक्नुको कारण हो । यस संसारमा सधैं रहन पाउने जस्तो भ्रममा परी भौतिक सुख सम्पत्ति जगेर्ना गर्न र उक्त नक्कलि सुख प्राप्तिका लागि एकले अर्कालाई दुःख पुऱ्याउन, छलकपट र जालसाजी गर्न पछि पर्दैनन् ।

प्रकृतिको अनित्यता स्वभावलाई भित्री मनले बुझ्न नसकेसम्म धेरैजसो मानिसहरूको मनमा अहंकार, लोभ, क्रोध जस्ता दूषित भावनाले स्थान लिई उनीहरू वेहोशी बन्न पुग्छन् । त्यसैले भगवान बुद्धले ती बेहोशी मानिसहरूलाई होश दिनुहुँदै प्रकृतिको सत्यतालाई यसरी विश्लेषण गर्नुभएको छ ।

"**जीवितं व्याधि कालो च देहनिक्खेपनं गति**"

**जीवितं–** यस संसारमा जन्मिएका मानिसहरू एक दिन आफ्ना परिवार र धन सम्पत्ति सबै त्यागेर मृत्युको शरणमा अनिवार्य रूपमा जानुपर्ने हुन्छ । तर कति समय पछि कति दिन पछि कति महिना पछि, र कति वर्ष पछि जानुपर्ने हो त्यो भने थाहा भइरहेको हुँदैन ।

**ब्याधि–** जीवनमा कुन रोग लागेर मानिसले आफ्नो देह त्याग्नु पर्ने हो थाहा हुँदैन । तर मर्नु अगाडि एउटा रोगको निहुँ राखी मानिसले आफ्नो प्राण त्यागिरहेको हुन्छ । रोग नलागेपनि कुनै पनि एउटा दुर्घटनाको कारणले पनि प्राण त्यागिरहेका हुन्छन् ।

**कालो च–** जन्मलिएका जो कोहीले पनि एक दिन मर्नु पर्ने निश्चित भए जस्तै विहान, बेलुका, राती, दिउँसो, साँझ आदी कुनै एक समयमा प्राण त्यागिरहेका हुन्छन् । तर धेरै जसोलाई कुन समयमा आफ्नो मृत्यु हुन्छ उक्त समय बारे जानकारी भइराखेको हुँदैन ।

**देहनिक्खेपन–** आफ्नो मृत्यु कुन स्थानमा पुगेपछि हुनेछ भन्ने विषयमा पनि धेरैजसोलाई थाहा भइराखेको हुँदैन । कोही सुतिराखेकै अवस्थामा मृत्यु भइराखेको हुन्छ भने, कोही बाटोमा हिँडिराखेको अवस्थामा मृत्यु भइराखेको हुन्छ । यसरी नै कोही वाथरूममा गई राखेको अवस्थामा त्यहीं मृत्यु भइराखेको हुन्छ त कोही भऱ्याङ्गबाट ओर्लिरहेको अवस्थामा, कोही हावामा उडिराखेको अवस्थामा (हवाईजहाज भित्र) मृत्यु भइराखेको हुन्छ आदि आदि ।

**गति–** मरण नभएसम्म एउटा गतिमा बाँचिराखेको हुन्छ भने मरणपछि कुन र कस्तो गतिमा जन्म लिनुपर्ने हो, त्यस विषयमा पनि धेरैजसो मानिसहरू अज्ञात नै हुन्छन् ।

यसरी कुनै निश्चित अवस्था नभएका यस संसार निवासी व्यक्तिहरू धेरैजसोले यस संसारमा सधैं बाँचिरहन पाउने जस्तो भ्रममा परी नक्कलि भौतिक सुखको लोभ लालचमा फसी बेहोशी बनिरहेका हुन्छन् । अलिकति भौतिक सुखको लोभ लालचमा फसी जालसाजीपूर्ण कर्म गरिरहेका हुन्छन् । मानौं त्यस सम्पत्ति र मान सम्मान मरण पछि पनि पिठयूँमा बोकेर लान पाउने जस्तो । तर आफ्नो शरीर त फालेर जानुपर्ने व्यक्तिले एउटा सीयो पनि लान पाउँदैन । लान पाउने भनेको नै जीवनभर आफुले राम्रा, नराम्रा, खराब र असल नियतले गरेका कामहरूको फल मात्र हो । त्यसैले जसले यस प्रकृतिको नियमलाई राम्ररी बुझ्न सक्छ, उसले नचाहिँदो लोभ, लालच, जालसाजी र छलकपट कार्य गर्नुबाट टाढा रहने गर्छ । यस्तो व्यक्तिले मात्र दशालाई होइन भाग्यालाई निम्त्याउन सक्षम हुनेछ ।



Downloaded from http://www.dhamma.digital

# 'धम्मविमुत्ति' कुशीनगरको धम्मयात्रामा पूज्य गुरूजीले साधकहरूलाई दिनु भएको प्रवचन

✍ सत्य नारायण गोयन्का

मेरा प्यारा विपश्यी साधक–साधिकाहरू !

आज हामी यस्तो महत्त्वपूर्ण स्थानमा एकत्र भएका छौं, जहाँ एकजना महापुरुषको अनन्त लामो यात्रा समाप्त भएको थियो । अनन्त कल्प पहिला यी व्यक्ति ब्राह्मण सुमेध नाम गरेको एक जना तपस्वी थिए र त्यस समय संसारमा दीपंकर नाम गरेको सम्यक सम्बुद्ध उत्पन्न भएको थियो । यी व्यक्ति सम्यक सम्बुद्धको सम्पर्कमा आए र अनन्त धर्मसंवेग जाग्यो । "म पनि यी व्यक्ति जस्तै सम्यक सम्बुद्ध बने भनें मबाट कतिको कल्याण हुनेछ ।" यस्तो धर्म-संवेगको आधारमा उनले आफ्नो धर्म कामना दीपंकर सम्यक सम्बुद्धको सामू व्यक्त गरे ।

धेरै मानिसहरूको सोच यस्तै हुन सक्छ कि कोही सम्यक सम्बुद्धलाई देखेर यस्तै भाव मनमा आउँछ कि यो व्यक्तिले संसारको यति धेरै कल्याण गरिरहेको छ, म पनि यस अवस्थामा पुगेर संसारको कल्याण गर्न सकूँ, यस्तो भावना त्यस समयको सम्यक सम्बुद्धको सामू प्रकट गर्दछ । सम्यक सम्बुद्धले जाँचेर हेर्दछ कि यो व्यक्ति साँच्चै लायक छ कि छैन ? अहिले लायक छैन भने केवल मुस्कुराएर बस्नु हुन्छ । तर लायक छ भने हेर्नु हुन्छ कि लोक सेवाको उनको भाव स्थायी छ कि छैन ? आजको यस परिस्थितिमा त यस्तो भाव जाग्यो, भोलि हट्छ कि ? उनको भावनामा कत्तिको दृढता छ ?

अर्को कुरा, यी व्यक्तिको क्षमता कति छ ? के को क्षमता ? यी व्यक्तिले पूर्व जन्ममा आफ्नो पारमिता पूरा गरेको छ कि छैन ? छ, भने कति छ ? उस्ले पारमिता पूरा गरेको छ भने, यदि सम्यक सम्बुद्धले त्यसै समय उनलाई विपश्यना सिकाई दिए साधना गर्दै त्यही समय भवमुक्त हुनसक्छ, अरहन्त हुनसक्छ । यसरी उनको भविष्यको जाँच गर्नुहुन्छ । यी व्यक्ति अहिले नै मुक्त हुन सक्छ तर उनले सम्यक सम्बुद्ध हुने इच्छा गरेको छ; उस्ले यो पनि थाहा पाएको हुनुपर्छ कि सम्यक सम्बुद्ध बन्नको लागि कति धेरै पारमिता एकत्रित गर्नुपर्दछ, अनगिन्ती जन्म लिएर कति धेरै काम गर्नु पर्दछ ? के यी व्यक्तिमा साँच्चैको यस्तो त्याग भावना छ ? जो व्यक्ति यस अवस्थासम्म पुगेको हुन्छ, उस्ले पूर्णरूपमा थाहा पाएको हुन्छ कि, यस समय यदि उहाँको शिक्षा प्राप्त भयो भने मलाई मुक्त अवस्था प्राप्त हुनेछ । यसप्रकार आफ्नो हातमा आईसकेको मुक्ति उसले त्याग्दछ । म एक्लै मुक्त भएर के गर्नु ? जसरी यी सम्यक सम्बुद्धले आफ्नो बोधिसत्वको जीवनमा अनेक व्यक्तिको लोक कल्याण गरेर आफ्नो पारमिताहरू पूर्ण गर्दै अघि बढे । म पनि यस्तै अनेक जन्महरूमा चाहे जति सुकै कष्ट उठाउनु परोस् आफ्नो पारमिता बढाउँदै-बढाउँदै-बढाउँदै त्यस अवस्थासम्म पुगेर सम्यक सम्बुद्ध हुन पाऊँ ।

एकातिर यो बलिदान कि सामू आईसकेको मुक्तिलाई त्याग गर्न सक्ने र अर्को तिर अनेक प्राणीहरूको भलाईको लागि अनेक जन्मको कष्ट सहनको लागि तयार भएको हुनुपर्ने । यसरी जाँचेर यी व्यक्ति साँच्चै नै यस कामको लागि लायक छ भने तब उनको भविष्यको जाँच गर्नु हुन्छ कि यो व्यक्तिले सम्यक सम्बुद्ध हुनको लागि कति समय लगाउने छ । तब आशीर्वाद दिंदै भविष्यवाणी गर्नुहुन्छ कि यति कल्प पछि यो घरमा, यो नामले जन्म लिएर सम्यक सम्बुद्ध हुनेछ । कपिलवस्तुमा शुद्धोधनको घरमा, महामायाको कोखमा जन्म लिनेछौ । त्यसै समय सम्यक सम्बुद्ध बन्नेछौ । त्यस समय देखि एकपछि अर्को जन्म लिंदै विभिन्न योनीमा जन्म लिंदै रहन्छ, भिन्न भिन्न योनीमा जन्म लिंदा त्यस योनीका प्राणीहरूलाई धर्ममा उन्मुख गर्दै, उनीहरूलाई धर्म चेतना जगाउँदै रहे, अर्को तिर आफ्नो पारमिताहरू अधिक पुष्ट गर्दै गए, कति समय लाग्छ ? गणना नै छैन !! यति धेरै समय पार गरेपछि सिद्धार्थ गौतमको नामले जन्म भयो । यति धेरै जन्म पछि पनि कसैले शरीरको लक्षण हेरे र भविष्यवाणी गऱ्यो कि यो व्यक्ति गृहस्थ भएर रह्यो भने चक्रवर्ती सम्राट हुनेछ र गृहत्यागी भयो भने सम्यक सम्बुद्ध हुनेछ । उनलाई चक्रवर्ती सम्राट हुनु थिएन । उनलाई त सम्यक सम्बुद्ध नै हुनु थियो, सम्यक सम्बुद्ध नै बन्यो ।

बुद्धगयामा एउटा बृक्ष मुनि सम्यक सम्बोधि प्राप्त भयो, मुक्त अवस्था प्राप्त भयो । यतिका जन्मसम्म लोक सेवा नै लोक सेवा, लोक सेवा नै लोक सेवा । यस जन्ममा पनि २९ वर्ष हुँदा गृहत्याग गरे, ३५ वर्षको उमेर हुँदा



Downloaded from http://www.dhamma.digital

सम्यक सम्बुद्ध प्राप्त भयो । त्यसपछिका ४५ वर्षसम्म रात दिन लोक सेवा नै लोक सेवा गर्दै रहे । रातको ४ प्रहर मध्ये एउटा प्रहरमा मात्र लेटेर आराम गर्नु हुन्थ्यो, सजग रहेर, सम्प्रज्ञानी रहेर शरीरलाई विश्राम दिनुहुन्थ्यो । बाँकी समय लोक सेवा नै लोक सेवा गर्नुहुन्थ्यो । यति धेरै करुणा, यसै करुणाको आधारमा नै लोक सेवा गर्दा-गर्दै यसै स्थानमा शरीर च्यूति भयो, यसैलाई महापरिनिर्वाण भनियो ।

निर्वाण भन्नाले त्यो अवस्था हो जहिले इन्द्रियले काम गर्न बन्द गर्दछ । विपश्यना गर्दै जाँदा यो अवस्था आउँछ । मनको विकार निस्किँदै-निस्किँदै अधोगति तर्फ लैजाने सारा कर्म संस्कार समाप्त हुन्छ, जब यसरी सारा कर्म संस्कार समाप्त हुन्छ तब पहिलो पटक निर्वाणिक अवस्था साक्षात्कार हुन्छ, तब त्यस ब्यक्तिलाई श्रोतापन्न भनिन्छ । अब उस्ले अधोगति जानु परेन । यस्तो ब्यक्तिले बढी से बढी सात पटकसम्म जन्म लिन्छ, सात पटक भन्दा बढी लिंदैन, त्यो भन्दा कम पनि हुन सक्छ । यस मार्गमा अघि बढ्दै गए पछि सकदागामी हुन्छ, अब उसले एक पटक मात्र जन्म लिन्छ, एक पटकको जन्म यस मनुष्यलोकमा पनि हुनसक्छ र देवलोकमा पनि हुन सक्छ । अनागामी अवस्था साक्षात्कार गरेको छ भने त काम लोकमा पनि जन्म हुँदैन, केवल ब्रह्मलोकमा जन्म हुन्छ । अरहन्त अवस्थामा त सारा लोकबाट मुक्त हुनेछ ।

जब सम्यक सम्बुद्ध बन्दछ तब यी चार वटै अवस्थाहरू एक पछि अर्को प्राप्त हुँदै जान्छ । सम्यक सम्बुद्ध भएपछि पूर्ण मुक्त भयो । यो निर्वाणको अवस्था हो । यसलाई सउपाधिसेस निर्वाण भनिन्छ । उपाधि अर्थात् यस जन्ममा अघि बढ्ने कर्म-संस्कार बाँकी छ, यस जन्ममा यस शरीरको बोझ धान्नको लागि 'सउपाधि' अझै उपाधि बाँकी छ । नयाँ जन्म दिने सबै संस्कार त समाप्त भईसक्यो । जब यस्तो ब्यक्तिको, यस्तो महापुरुषको, यस्तो अरहन्तको शरीर-च्यूति हुन्छ तब उसको पुनः जन्म हुनेछैन अर्थात् अनुपाधिसेस-अब उपाधि रहेन, कुनै जन्म हुँदैन । परिनिर्वाण-परिपूर्ण निर्वाण भयो । "महापरिनिर्वाण" यस्तो महापुरुषको परिनिर्वाण भएकोले महापरिनिर्वाण भनिएको हो । यसै कुशीनगरमा त्यस महापुरुषले महापरिनिर्वाण प्राप्त गर्नु भएको हो ।

त्यस ब्यक्तिमा कति करुणा छ; जीवन भर करुणा नै करुणा, करुणा नै करुणा । त्यसैले त लोकसेवा गर्नसक्यो; होइन भने कसरी गर्न सक्ला ? महापरिनिर्वाणको समय नजिक आईसकेको थियो । तीन महिना पहिला नै यो निश्चित भईसकेको थियो । वैशालीमा हुँदा, आगामी "वैशाख पूर्णिमा" अर्थात् तीन महीना पछि यो शरीर छोड्ने घोषणा गर्नु भएको थियो । वैशाली देखि हिँडेर कुशिनगर पुग्नु भयो । परिनिर्वाणको एक दिन अघि, बाटोमा 'चुन्द' नामको गृहस्थ ब्यक्तिले भिक्षु संघलाई कुकुरमुत्ताको भोजन दान दिएका थिए, यो विषालु हुन्थ्यो, पचाउन सक्दैनथ्यो । उहाँले त यस दान प्राप्त भोजन सेवन गर्नु भयो तर अन्य भिक्षुहरूलाई रोक्नु भयो– कसैलाई खान दिइएन । उहाँको त भोली नै परिनिर्वाण हुनु नै थियो । त्यसैले त्यस चुन्द प्रति करुणा जाग्दछ कसैले उनलाई केही नराम्रो नभनुन्– "चुन्द ! तिमीले यस्तो दिएको कारण उहाँले यो शरीर त्याग्नु पऱ्यो ।" कतै उनलाई यस्तो गाली नदेऊन् त्यसैले भगवानले आनन्दलाई बोलाएर सम्झाउँदै भन्नु भयो– मेरो मृत्यु पछि चुन्दलाई सम्झाउनु कि तिमीले ठूलो पूण्यको काम गरेका छौ । सम्यक सम्बुद्ध हुनु पूर्वको भोजन अत्यन्त पूण्यशाली हुन्छ, त्यस बेला सुजाताले खीर दान दिएकी थिईन । जुन भोजन गरेर उनी सम्यक सम्बुद्ध बने । त्यस्तै यो अन्तिम भोजन पनि त्यत्तिकै पूण्यशाली छ, यत्तिका जन्मसम्म यस भव संसारमा जन्मदै मर्दै यो भव चक्र समाप्त भएको छ, त्यसैले यो ठूलो पूण्यको काम हो । आनन्द, चुन्दको मनमा अलिकति पनि दुःख नहोस् । अन्य जनता पनि उनको बारेमा केही नबोलुन् । कति करुणा ! कस्तो करुणा !

कुशीनगरमा दुईवटा सालको रूख मुनि रोकेर भन्नुभयो– अब म यहीं पल्टिन्छु । आनन्द ! भोलि बिहान मिरमिरेमा म शरीर त्याग्ने छु । महापरिनिर्वाण हुनेछ । वरिपरि यहाँ मल्लहरूको गणराज्य छ, जब उनीहरूलाई भगवान यति नजिक हाम्रो गाऊँसम्म आएर शरीर च्यूती हुँदा पनि हामीले एकपटक पनि दर्शन गर्न पाएन भनेर, आनन्द ! तिमीलाई गाली गर्नेछ । जाऊ ! उनीहरूलाई खबर दिएर आउनु । आनन्दले नगरमा गएर खबर गरे कि भोलि विहान, मिरमिरेमा भगवान बुद्ध 'महापरिनिर्वाण' प्राप्त गर्नु हुनेछ ।

अब त्यहाँ मानिसहरूको भीड लाग्न थाल्यो । यति धेरै मानिसहरू आउन थाल्यो, समय कम थियो, मानिसहरू नमस्कार गर्दै अघि बढिरहेका थिए । तब



Downloaded from http://www.dhamma.digital

आनन्दले यति धेरै भीडलाई बन्दोवस्त गर्नको लागि भने “केहीको समूहमा आउनु र एकैपटक नमस्कार गर्दै जानु !” अब समय कम भयो। नमस्कार गर्नु र जानु। यस्तो भीडमा सुभद्र नामको व्यक्ति अघि आयो र भन्यो म केवल नमस्कार गर्न आएको होइन, मलाई त उहाँसंग विद्या सिक्नु छ। उहाँ गए पछि कसैले मलाई ठीक तरिकाले विद्या सिकाउला कि नसिकाउला। आनन्द भन्दै थिए कि, अब उनको शरीर छोड्ने समय हो, यस्तो समय उनलाई अप्ठ्यारो नगर्नु, आराम पूर्वक शरीर छोड्न दिनु, जानु अघि सर्नु अरूलाई आउनु दिनु। होइन ! मलाई त उहाँसंग धर्म सिक्नु छ। सुभद्र अडिग भएर त्यहीं उभिरहे। यी शब्द भगवानले सुन्नु भयो। कोही तिर्खाएको व्यक्ति नदी नजिक पुगेर पनि कसैले हात समाई पानी नखाऊ केवल नमस्कार गरेर जानु भन्यो भने कस्लाई चित्त बुझ्ला ? भगवानले भन्नुभयो– अरे, आनन्द ! आउन देऊ। यी योग्य व्यक्ति हुन्। यिनलाई धर्म सिकाउन दिनु, त्यहीं भगवानले धर्म सिकाउनु भयो। आफ्नो शरीर त्यागको यस अन्तिम क्षणमा पनि यस्तो करुणाले पूर्ण कि- एकजना व्यक्तिको भए पनि कल्याण होस् ! यसको कल्याण होस् ! यी महापुरूषका लक्षण हुन्।

यसै स्थानमा अर्को महत्त्वपूर्ण घटना पनि घटेको। एउटा महत्त्वपूर्ण घटना– कसैले भगवानलाई सोधे कि भगवान ! हजूरको पछि हजूरको उत्तराधिकारी को बन्नेछ ?” उत्तराधिकारी को रे ! उत्तराधिकारी धर्म हुनेछ। जुन धर्म मैले सिकाएको छु, उही तिमीहरूको आचार्य हुनेछ; उही तिमीहरूको गुरु हुनेछ। कोही एकजनालाई उत्तराधिकारी बनाईदियो भने त्यहाँ गुरुत्व चल्नेछ। जबसम्म कोही व्यक्ति त्यस उच्च अवस्थालाई हासिल गर्दैन तबसम्म मानिसमा त्यो नशा रही रहन्छ कि जसरी सबैजना भगवान बुद्धलाई सन्मान गर्दथे, अब म त्यही स्थानमा छुँ अब मलाई पनि त्यस्तै सन्मान गर्नु पर्छ, यो नशाले धर्मलाई डुबाउँछ। त्यसैले कोही पनि उत्तराधिकारी बन्नु पर्दैन, धर्म नै उत्तराधिकारी हो। जसले धर्मको पालन गर्दछ उसले नै आफ्नो कल्याण गर्दछ। धर्मलाई विस्तृत रूपमा बुझाई दिएको छु। अरू के नै चाहियो र ?

अर्को एउटा महत्त्वपूर्ण घटना– भगवानको ‘महापरिनिर्वाण’ भयो। उहाँको एकजना प्रमुख शिष्य ‘महाकाश्यप’ धेरै टाढाको ठाउँमा थिए, यहाँ आई पुग्न सात दिनको समय लाग्थ्यो, उहाँ नआई अन्तिम संस्कार नगर्ने निधो भयो। महाकाश्यप आफ्ना ५०० शिष्य सहित त्यसतर्फ हिँडिरहेका थिए। ती मध्ये “सुभद्र” नामको अर्को व्यक्ति, उमेरमा बूढो नै थिए तर धर्ममा नयाँ नै थिए, उनी खुसी हुँदै बोले– राम्रै भयो, बूढो मऱ्यो यस्तो गर्नु - उस्तो नगर्नु-खुब सताईरहन्थ्यो। अब हामीले छुट्कारा पाउने भयो, जस्तो मन लाग्यो त्यस्तै गर्न पाउने भयो, जस्तो चाहेको हो त्यस्तै गर्न पाउने भयो भनेर उफ्रदैं नाच्न थाल्यो। काश्यपले हेरिरहेका थिए। हुनत संघका अरू सदस्यहरू सबै धर्ममा पाकिसकेका थिए, तर सुभद्र जस्तो कच्चा व्यक्ति पनि थिए। भगवानको पश्चात्, उहाँले नभनेका नबोलेका कुराहरू पनि उहाँले भनेको भनेर भन्न थाल्छन्, भगवानले यस्तो भनेको, उस्तो भनेको... । जुन कुरा आफूलाई मन पर्दैन ती निकालि दिन्छ यस्तो मानिसहरूले धर्मलाई छिट्टै नष्ट गरिदिन्छ। अब के गर्ने ? उनको सोचमा यस्तो आयो कि अब भगवानले भन्नु भएका वाणीहरूलाई एकैठाउँमा संग्रह गर्नुपर्छ।

सात दिन पछि दाहकर्म, क्रियाकर्म पूरा भयो। त्यसको तीन महीना पछि राजगीरको सतपर्णी गुफामा पहिलो संगायन गरियो। भगवानसंग नजिकै रहेर धेरै समय बिताएका ५०० जना अरहन्त भिक्षुहरू एकसाथ रहेर बुद्ध वाणीलाई संग्रहित गरे। बुद्धले भन्नु भएको थियो ? यस्तो यस्तो भन्नु भएको थियो; सबैले सही थप्दै दोहोऱ्याउँथे कि हो यस्तो यस्तो भन्नु भएको थियो... । विनयको शिक्षा अर्थात् भिक्षुहरूको नियमको शिक्षालाई “आयुष्मान उपालि” उहाँ भिक्षु मध्येका एकजना ठूला आचार्य थिए, भिक्षुका नियमहरूका ठूलो जानकार व्यक्ति, उहाँले पाठ गर्नु भयो। बाँकी सबैले स्वीकार गर्नु भयो। आनन्दलाई बाँकी सबै कुराको ज्ञान थियो, उहाँले पाठ गर्नुभयो र अन्य सहभागीले स्वीकार गरे। यही ठूलो कुरा भयो। त्यस समय कुनै छापाखाना त थिएन, कागज पनि थिएन। यति विशाल साहित्य थोरै थिएन। यसलाई सम्झिनु बाहेक अन्य उपाय थिएन, कण्ठस्थ गर्नु मात्र एउटा उपाय थियो। अन्यथा कसैले यस्तो हो भन्ला-कसैले उस्तो हो भन्ला; यसरी कुरा बिग्रदैं जानेछ। त्यसैले सबैजना एकसाथ मिलेर यो प्रमाणित गरौं। कसैले केही पनि आफ्नो तर्फबाट नजोडौं, कसैले आफ्नो तर्फबाट ननिकालौं। यो पहिलो संगायन थियो। यसको कारण धर्म जीवित हुन पुग्यो। यसपछि दोस्रो संगीति भयो।



Downloaded from http://www.dhamma.digital

पछि तेस्रो, चौथौ, पाँचौं संगीति भयो । छैठौं संगीति भगवान बुद्धको २५०० वर्ष पछि बर्मामा भयो । यस संगीतिमा जुन बुद्ध वाणी, जुन त्रिपिटक, पालि भाषामा संसारमा जहाँ जहाँ थियो– पाँचवटा देशमा मात्र त थियो– बर्मा, श्रीलङ्का, थाइलैण्ड, कम्बोडिया र लाओस । त्यहाँका २५०० जना विद्वान् भिक्षुहरूलाई भेला गरियो । तब सबै मिलेर बुद्ध वाणीको पाठ गरियो ।

भगवान बुद्धको सारा शिक्षा उहाँको समयमा नै विदेशसम्म प्रचार भयो । लगभग २५०-२७५ वर्ष पछि सम्राट अशोकको समयमा उनको गुरु मोग्गलिपुत्त तिस्स थेरले तेस्रो संगायन गर्नुभयो । यस पछि उहाँले देश विदेशमा धर्मदूतहरू पठाउनु भयो । ठाउँ-ठाउँमा वाणी कण्ठस्थ गरेका अरहन्त भिक्षुहरूलाई पठाउनु भयो । त्यस्तै विपश्यना ज्ञानलाई पनि ठाउँ-ठाउँमा वितरण गर्नु भयो, बर्मा देशमा पनि पठाईयो । भारत देशको दुर्भाग्य कि यस्तो महान विद्या ५०० वर्ष हुँदा आपसी झगडाको कारण अथवा अन्य कुनै कारणले यो विद्या लुप्त भयो । विपश्यना विद्या पनि बुद्ध वाणी पनि लुप्त भयो ।

सम्राट अशोक र मोग्गलिपुत्त तिस्सको ठूलो उपकार मान्नु पर्छ । यदि उहाँले यो विद्या बाहिर नपठाएको भए यो सदाको लागि नष्ट भईसक्थ्यो । यो हामीलाई कसरी प्राप्त हुन्थ्यो ? यसको लाभ संसारका कोही ब्यक्तिले पनि पाउँदैनथे जुन देशहरूमा यो विद्या पुग्यो ती पाँचवटा देशमा बुद्ध वाणी रहिरह्यो । अब यी पाँचवटा देशका विद्वान्हरूसंगै बसेर बुद्ध वाणी पढियो । भाषा पालि नै हो तर उच्चारण भिन्न-भिन्न, लिपि पनि भिन्न-भिन्न छन् । तर कतै कतै थोरै मात्र अन्तर देखियो । ह्स्व इकार र दीर्घ ईकारमा मात्र फरक भेट्टीयो । यी साना तिना भिन्नता बाहेक मूल वाणीमा कुनै परिवर्तन थिएन । यतिका वर्षसम्म सम्हालेर राखिएको कारणले नै यी सुरक्षित भइरह्यो, प्रमाणिक भईरह्यो । यसबाट पनि विश्वास हुन्छ कि, यी साँच्चैको बुद्धवाणी नै हुन् । उहाँहरूले सम्हालेर नराखिएको भए हामीलाई कसरी प्राप्त होला ? यो विपश्यना विद्या पनि सबैतिर फैलियो तर सबै ठाउँबाट नष्ट भयो, बर्मा देशले सम्हाली राख्यो त्यसैले उसको उपकार मान्नु पर्छ ।

एउटा मान्यता पहिलादेखि चल्दै आएको थियो अथवा कोही सन्त ब्यक्तिले भविष्यवाणी गरेको थियो कि, यो जुन रत्न बर्मा देश (स्वर्णभूमि) मा पठाइएको थियो, यो अनमोल रत्न उसले सम्हालेर राख्नेछ । पहिला बर्मादेशमा धेरै सुन पाईने भएकोले स्वर्णभूमि भनिन्थ्यो । बाँकी सारा देशमा नष्ट हुनेछ । २५०० वर्ष पूरा भएपछि यो विद्या, यो रत्न फेरि फर्केर आफ्नो जन्म भूमी अर्थात् भारत देशमा आउनेछ । यहाँका मानिसहरूले यसलाई प्रसन्नता पूर्वक स्वीकार गर्नेछन् र यहीं स्थापित हुनेछ तब यहाँबाट विश्वमा फैलिनेछ र सारा विश्वका मानिसहरूले यसलाई स्वीकार गर्नेछन् ।

यी वाणी र विद्या यसप्रकार किन सम्हालेर राखियो त्यसको पनि एउटा कारण छ । सुभद्र नामको भिक्षु जसले यो बूढोको मृत्यु भयो अब राम्रै भयो भनेर प्रसन्न पूर्वक जुन घोषणा गरे उनैको कारणले नै यी बुद्धवाणी सम्हालेर राख्नुपर्छ भन्ने सोच आयो । त्यसैले उनको पनि उपकार मान्नु पर्छ, राम्रै गर्‍यो उनले यसको कारण धेरै ठूलो घटना घट्न पुग्यो । अर्को ठूलो कुरा त मानिसहरूले जसो तसो ५०० वर्ष सम्म यसलाई सम्हालेर राखे । यसको कारण कति मानिसहरूको कल्याण हुन पुग्यो, कतिको कल्याण भयो ।

यस विद्याले देशलाई कति लाभ भयो भन्ने हाम्रो सामु प्रमाणहरू छन् । सम्राट अशोकको एउटा शिलालेखमा लेखिएको छ मेरा अग्रज कतिपय राजाहरू, सम्राटहरू चाहन्थे कि आफ्ना प्रजामा धर्म फैलियोस् । प्रजाहरूले शान्तिमय जीवन बिताउन्, धर्ममय जीवन जिउन्, ठूलाका सम्मान गरियोस् सानालाई स्नेह गरियोस्, अधिक दान गर्ने भावना आवोस् आदि..., परन्तु कोही पनि राजा यसमा सफल भएन तर म सफल भएँ । किन सफल भयो ? यसलाई पनि बुझ्नु पर्छ । उनले आफ्नो शासनमा धर्म सिकाउने मन्त्री, धर्मामात्य नियुक्त गरे । राज्यको तर्फबाट ठाउँ-ठाउँमा गएर धर्म सिकाउन थाले र जाँच्न थाले कि जनताले धर्म बुझिरहेका छन् कि छैनन्, धर्म पालन गर्न के समस्या भईरहेको छ ? उपदेशले धर्म पालन हुँदैन मानिसको स्वभाव बदलिंदैन, तर ध्यानले, अनुभवले स्वभावमा फरक आउँछ ।

अब फेरि समय आएको छ, यो विद्या सारा देशमा फैलिनेछ र अधिक भन्दा अधिक मानिसहरूको कल्याण हुनेछ, यो विद्या आजसम्म कायम रह्यो, यही नै हाम्रो लागि ठूलो कुरो हो । विपश्यना पनि कायम छ, बुद्ध-वाणी पनि कायम छ । कतै न कतै सुरक्षित भईरह्यो, थोरैले गुरु-शिष्य परम्परा द्वारा यसलाई सम्हालेर राखे । जस्ले



Downloaded from http://www.dhamma.digital

सम्हालेर राखे उनीहरूको ठूलो उपकार मान्नु पर्छ। यस स्थानको ठूलो महत्त्व छ कि, यस महापुरुषले यसै स्थानमा यति लामो यात्राको अन्त गऱ्यो, कति जन्मको लामो यात्रा समाप्त भयो । अब अर्को जन्म हुने छैन । यस समयसम्म आईपुग्दा अनगिन्ती मानिसहरूको कल्याण भयो, यस अर्थमा पनि यस स्थानको महत्त्व धेरै छ ।

तीन महिना पहिले नै अब आउने वैशाख पूर्णिमाको रात समाप्त हुने वित्तिक्कै शरीर त्याग्ने घोषणा गर्नुभएको थियो । भगवानले एक समय मारलाई वचन दिनुभएको थियो कि, जब उहाँको चारै परिषद– भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरू धर्ममा परिपुष्ट भएर अरूलाई पनि धर्म सिकाउन लायक बन्दछन् तब परिनिर्वाण हुनेछु। मार त्यस समय पनि भगवान समक्ष प्रकट भएर उहाँले दिनु भएको पहिलाको वचन याद दिलाउनु भयो कि अब त चारै परिषद् पोष्ट छन् यस समय परिनिर्वाण लिनु सही हुनेछ। तब भगवानले तीन महिना पछि परिनिर्वाण हुने घोषणा गर्नु भएको हो ।

यसबाट एउटा कुरा स्पष्ट हुन आउँछ कि भगवानको अन्तिम समयमा चारै परिषद् पोष्ट थिए । तर त्यसको केही समय पछि नै गृहस्थहरूमा यो विद्या लुप्त हुँदैगयो। गृहस्थ आचार्यहरू हराउँदै गए । अब त लगभग १०० वर्ष अघि हाम्रो बडा गुरु बाजे "लैडी सयाडो" दूरदर्शी हुनुहुन्थ्यो। उहाँले देख्नु भयो कि– अबको १०० वर्ष पछि बुद्धवर्ष २५०० पूरा हुँदैथियो, यसको लगतै भगवान बुद्धको धर्म भारत जानेछ र त्यहाँबाट विश्वमा फैलिनेछ। त्यसैले उहाँ भारत आए, यहाँको स्थितिलाई बुझे र उनले सोचे कि त्यस समयको भारतको स्थिति अनुसार कोही सन्यासी, कोही भिक्षु आएर धर्म सिकाउन थाल्यो भने यो बौद्धहरूको धर्म भनेर कसैले सुन्न पनि सुन्दैन पालना गर्नु त टाढाको कुरा भयो । तब उहाँले सोच्नु भयो कि कोही गृहस्थ व्यक्ति गयो भने नै ठीक हुनेछ, पछि त सबैले सिकाउन थाल्ला, तर त्यस समयमा गृहस्थ आचार्यहरू कोही नि थिएन, तब गृहस्थ आचार्य तयार गर्ने सोच भयो, सय वर्ष पहिले नै उनको मनमा यस्तो विचार आयो। त्यसैले गृहस्थहरूका लागि पनि यो विपश्यना विद्या सिकाउनु थाले । थोरैले मात्र सिके, ती मध्ये पहिलो आदर्श गृहस्थ आचार्य "सया तै जी" बने । उहाँले गृहस्थ आचार्य कस्तो हुनुपर्छ, कस्तो जीवन जिउनु पर्छ ? भन्ने देखाउनु भयो र उनको शिष्य मेरा धर्म पिता "सयाजी ऊ बा खिन" बने, जो अत्यन्त सन्त पुरुष थिए ।

यो परम्परा गृहस्थहरूको भएको कारण भारतले यो विद्या स्वीकार गरियो । यसको अर्थ भिक्षुहरूले सिकाउन सक्दैन भनेको होइन। भारत निवासीहरूको मानसिकतामा यस्तो थियो कि, म पनि यसको शिकार नै थिएँ । जब मैले ३१ वर्षको उमेरमा यो विद्या प्राप्त गरें तब यसमा कुनै दोष देखिन । यस्तो निर्दोष, निष्कलङ्क विद्या, तै पनि यहाँ यसको विरोधमा हजारौं थरिको नचाहिने कुरा किन ? धेरै अध्ययन पछि थाहा पाएँ कि बिना कारण नै त्यस विरूद्ध लान्छना लगाईएको पाइयो ।

यो त हाम्रो दुर्भाग्य थियो कि यतिका वर्षसम्म यसबाट बञ्चित रहनु पऱ्यो। राम्रै भयो अब त पाइयो। जस्ले अभ्यास गर्छ उनीहरू भन्छन् कि यति शुद्ध, निष्कलङ्क, स्पष्ट धर्म । शील-सदाचारको पालना गर्न सिक्नु, यसमा के दोष छ ? मनलाई वशमा राख्न सिक्नु, यसमा के दोष छ ? मन बशमा राख्नका लागि श्वासको आलम्बन लिनु यसमा के दोष छ ? मनलाई वशमा राख्नु मात्र होइन, यसको जरैसम्म निर्मल गर्नु, यसमा के दोष छ ? शरीर र चित्तको पारस्परिक सम्बन्धले कसरी विकार उत्पन्न हुन्छ र सम्बेदनालाई हेर्दै यी विकारलाई कसरी हटाउन सकिन्छ, यही सिक्नु छ, यहाँ हिन्दू होस्, बौद्ध होस्, मुस्लिम होस् अथवा इसाई होस् केही फरक छैन। मानिस सबैको स्वभाव एउटै हो । कसरी आफ्नो स्वभावलाई फेरेर राम्रो जीवन जिउने हो– त्यही सिक्नुछ। यी कुरा बाहेक उहाँले अरू केही सिकाउनु नै भएन । अब त धेरैले यो कुरा बुझ्न थालेका छन्। करीब दुई हजार वर्षसम्म यस विद्याबाट बञ्चित हुनु पऱ्यो । यही ठाउँमा एकजना धर्म मुमुच्छु व्यक्ति 'सुभद्र' जस्को मनमा धर्म सिक्ने तीब्र इच्छा भएको कारण भगवानसंग धर्म सिकेर आफ्नो कल्याण गर्न सफल भए। तर यहीं अर्को व्यक्ति "सुभद्र" जस्ले भगवान मरेको राम्रै भयो अब हामी आफू खुसी जे पनि गर्न पाउँछौं भनेर खुसी व्यक्त गरे। यिनकै कारण यो सारा विद्या आजसम्म पनि सुरक्षित हुन पायो । परियत्ति पनि, पटिपत्ति पनि अर्थात् वाणी पनि विपश्यना विद्या पनि, दुबै सुरक्षित भएको कारणले हाम्रो ठूलो कल्याण भयो । यस अर्थमा यस स्थानको आफ्नो ठूलो महत्त्व छ ।

भवतु सब्ब मंगलं, भवतु सब्ब मंगलं, भवतु सब्ब मंगलं।

*(साभार- 'विपश्यना' २०७५ माघ, वर्ष ३५, अङ्क १०)*



Downloaded from http://www.dhamma.digital

# कर्म र कर्मफल

*लेखक*- **भिक्षु अश्वघोष महास्थविर**
*अनुवाद*- **वीर्यवती**

हामीले आ-आफ्नो कर्म र त्यसको फल विषयमा जान्न अति आवश्यक छ । तर भगवान् बुद्ध भन्नुहुन्छ– “कम्म विसयो अचिन्तियो” अर्थात् कर्म र कर्मफल विषयमा चिन्तन मनन गरिरहन सक्ने क्षमता हामी जस्तो मानिसहरूको दिमागमा छैन । कर्म र कर्मफल एक प्राकृतिक नियम हो ।

साधारणतया कर्मफललाई ४ भागमा विभाजन गरी ब्याख्या गरिएका छन् ।

१) दिट्ठ धम्म वेदनिय कर्म –

यस जन्ममा हामीले गरेका राम्रा नराम्रा कामका जति पनि फलहरू छन्, ती मध्ये कतिपय फलहरू प्रकृतिको नियम अनुसार यही जन्ममा भोगाउने गरिन्छ । यदि यस जन्ममा यो फल भोगाउने मौका गुमेमा त्यो फल खेर नै जाने हुन्छ । त्यसलाई अर्को जन्ममा भोगाउने दस्तुर छैन । अर्को शब्दमा भन्ने हो भने दिट्ठधम्म वेदनिय कर्मफललाई अर्को जन्ममा भोगाउने दस्तुर छैन ।

उदाहरणको लागि अंगुलिमालले मानिसहरूको १००० वटा औंलाहरू जम्मा पार्नको लागि कैयौं मानिसहरूको हत्या गरे । स्वार्थी गुरुको कुचक्रमा परी उसले उक्त गुरुको लागि गुरु दक्षिणा चढाउनुको लागि ती औंलाहरू बटुलेका थिए । गुरुको आदेश पालन गरी मानिसहरूको औंला बटुलिरहेको अंगुलिमालले एकदिन भगवान् बुद्धबाट ठीक ज्ञान बुझ्ने मौका प्राप्त गरी ज्ञानी भए । आफ्नो गलत धारणा र आफ्नो पहिलाको गुरुको गलत आदेशलाई भित्री मनले बुझ्ने क्षमता प्राप्त गरेका अंगुलिमाल आखिरमा सुध्रियो । आखिरमा उ भिक्षु अरहन्त (मुक्ति प्राप्त पवित्र ब्यक्ति) भयो । अंगुलिमाल बनी मानिसहरूको हत्या गरेको कारणले गर्दा उहाँ मुक्त र पवित्र व्यक्ति सहितको भिक्षु भई भिक्षाटन जानुहुँदा उहाँलाई कसैले पनि भिक्षा दान गरेनन् । पहिला गरेको कुकर्मलाई सम्झेका ब्यक्तिहरूले उहाँलाई ढुंगा प्रहार गरेर ल्याउँथ्यो, सराप्थ्यो र आपमानजनक शब्द प्रयोग गरी ढोका थुनेर ल्याउँथ्यो । यसरी उहाँले भिक्षाको बदला रगताम्य भई फर्कनु पर्थ्यो । यो उहाँको दिट्ठ धम्म वेदनिय कर्मफल हो ।

२) उपपज्ज वेदनिय कर्म –

वर्तमान जन्ममा गरेको कर्मको फल (कुशल होस् वा अकुशल) यस जन्म बितेपछि दोश्रो जन्ममा भोगाउने खालको कर्मफल पनि छ । त्यसैले यसरी दोश्रो जन्ममा भोगाउने कर्म फललाई उपपज्ज वेदनिय कर्मफल भनिन्छ । उदाहरणको लागि– मट्ट कुण्डली नामक एक बालकले वर्तमान जीवनमा उ विरामी परिरहेको अवस्थामा आफ्ना पिता औषधी उपचारको लागि धन खर्च गर्न कञ्जुस बनी कर्त्तब्यहीन भएको सम्झँदै उसले धेरै नै चित्त दुःखाएको थियो ।

उनको बुबाको व्यवहार सम्झँदै उ असन्तोष बनिरहेको थियो । उसको मन अशान्त भइरहेको थियो । त्यही समयमा उसले आफ्नो सामु भगवान् बुद्ध आउनु भएको देखी बुद्ध दर्शन पाएको कारणले उसको मन प्रशन्न र शान्त गर्दै (प्राण त्याग) गरेको थियो । यसरी उसको जन्म सुगतिमय भएको थियो । त्यसरी नै कोकालिक नामक दुष्ट भिक्षुले सारीपुत्र मौद्गल्यायन जस्ता निक्लेशी एवं पवित्र भिक्षुहरूलाई पापीहरू भनी अपशब्द बोली गाली गरेको थियो । निर्दोषी र शुद्ध ब्यक्तिहरूलाई आफ्नो स्वार्थको वशमा गई गाली गरेको कारणले उसले अगतिमा जन्म लिनुपरेको थियो । यसरी पहिलाको जन्ममा रोपेको राम्रो नराम्रो कर्मको फल त्यसपछिको अर्को जन्ममा पाउने फललाई उपपज्ज वेदनिय कर्मफल भनिन्छ ।

३) अपरापरिय वेदनिय कर्म –

आफूले गरेको राम्रो नराम्रो कर्मको फल यही वर्तमान जीवनमा र यस जन्मपछि अर्को जन्ममा पनि होइन त्यसपछिको पनि अर्को धेरै जन्महरूमा मौका पाउने वित्तिकै भोगाइरहने कर्मफललाई अपरापरिय वेदनिय कर्मफल भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

४) अहोसी कर्म –

वर्तमान जीवनमा गरेका खराब र असल कार्यका फलहरू यही जन्ममा भोगाउने मौका नमिलेपछि उक्त फलहरू सबै लोप भएर जाने हुन्छ। यसलाई अहोसी कर्मफल भनिन्छ।

उदाहरणको लागि अंगुलिमालले धेरै व्यक्तिहरूको हत्या गरेपनि त्यही जन्ममा उसले क्लेश निरोध गरी ज्ञान प्राप्त गर्न सकेको कारणले अर्को जन्म लिन नपर्ने भाग्य प्राप्त गर्न सफल भए। फलस्वरुप हत्या जस्तो जघन्य अपराध गरेका उनले त्यस जन्ममा साधारण घाउचोट मात्र खप्नु परे पनि त्यो बाहेकको अन्य ठूलाठूला कर्मविपाकहरू भोग्नु परेन।

यी कर्मफलहरू मध्ये अर्को फरक कर्मफल भनेको त्यस्तो कर्मफल हो, जुन कर्मफल भोग्न बाध्य नै हुने एकदम भारी, नराम्रो र त्यस कर्मफललाई कसैले पनि पन्छाउन नसकिने खालको दुःखद फल हो।

**यादिसं वपते बीजं तापिसं हरते फलं**
**कल्याणकारी कल्याणं पापकारीच पापकं**

भावार्थ– "हामीले जस्तो चित्त अगाडि सारी काम गर्छौं, कुरा गर्छौं र योजना बनाउँछौं, ती सबै हाम्रो कर्मक्षेत्रमा रोपेका बीऊहरू हुन्। बीऊ जुन प्रवृत्तिको हुन्छ, फल पनि त्यही गुणले युक्त हुन्छ। कर्मक्षेत्रमा जुन व्यक्तिले बीऊ रोपेको हुन्छ, त्यसको फल पनि त्यही व्यक्तिलाई छानी छानी भोगाउने प्रकृतिको नियम हुन्छ। त्यसैले राम्रो चित्तले रोपेको बीऊको फलले भाग्यको रूप लिन्छ भने नराम्रो चित्तले रोपेको बीऊले दशाको रूप लिन्छ।"

हामीले कुरा गर्दा, शरीरले काम गर्दा र मनले योजना बनाउँदा समेत आफ्नो र अरूको भलो सोची कार्य गर्नु बुद्धिमानी हुनेछ। किनभने हामीलाई दशा होइन भाग्य मन पर्छ। भाग्य प्रवल व्यक्ति डराउन पर्दैन भने दशा प्रवल व्यक्तिको पाइला, पिच्छे भय र दुःखले पछ्याइरहेको हुन्छ। भाग्य बनाउने र दशा बनाउने जिम्मा हामी सबैको आ-आफ्नो हातमा रहेको छ। प्रकृतिको यस नियमलाई हाम्रो भित्री हृदयले बुझ्न सकेमा मात्र हामी स्वतहः इमान्दार, सभ्य र अनुशासित बन्न सक्छौं।

आजको समयले यस्तै इमान्दार व्यक्तिको चाहना गरिरहेको छ। ■

## बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ बुद्ध स्वयंले प्रशंसा गर्नु भएको देश थियो बैशाली गणतन्त्र।

★ आम्रपाली (=अम्बपाली) - बैशालीको प्रसिद्ध गणिका (वेश्या)। छोरो : विमल कौण्डन्य (बिम्बिसारको छोरो)। आम्रपाली आफ्नै छोरो भिक्षु विमलको कथा सुनेर प्रवजित भएकी थिइन्। *(साभार- बौद्ध दर्पण)*

## बनेपा ध्यानकुटी विहार तथा मेत्ता सेन्टर (मैत्री केन्द्र) को लागि सहयोग

१) हिरा देवी शाक्य, बौद्ध रु. १०,०००/-
२) सुशिल कुमार कंशाकार, श्रीघः रु. १०००/-
३) केश चन्द्र शाक्य, बनेपा रु. ५००/-

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| क्र.सं. | २०७५ साल | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | फागुन १ गते, बुधवार संक्रान्ति, अष्टमी | इन्दावती | इन्दावती |
| २ | फागुन ७ गते, मंगलवार, सिपुन्हि | वीर्यवती | वीर्यवती |
| ३ | फागनु १५ गते, बुधवार, अष्टमी | शुभवती | शुभवती |
| ४ | फागनु २२ गते, बुधवार, औंशी | अमता | क्षान्तिवती |



Downloaded from http://www.dhamma.digital

# महागोविन्द सुत्तन्त (महागोविन्द जातक)

✍ **भिक्षुणी वीर्यवती**

आफ्नो राज्यका राजपुरोहित गोविन्द ब्राह्मणको असामयिक निधनले गर्दा ज्यादै अपशोच पारेको थियो । राजा दिसम्पतिलाई । शोकले विह्वल हुँदै विलाप गरिरहेका राजालाई युवराज रेणुले यसरी विन्ति गरे- "देव ! गोविन्द ब्राह्मणको मृत्यु भयो भन्दैमा तपाईंले त्यति धेरै शोक र विलाप गरिरहनु आवश्यक छैन । संसारको नियम अनुसार राजपुरोहित पनि अनित्य भएर जानु भयो । उहाँको कार्यलाई कुशलतापूर्वक गरिदिने व्यक्ति हाम्रै अगाडि छन् । राजपुरोहित गोविन्द ब्राह्मणका पुत्र जोतिपाल मानव उनका पिता भन्दा पनि धेरै पण्डित छन् र अर्थदर्शी पनि छन् । जुन अर्थानुशासनका काम जोतिपालका पिताले गर्दथे सो काम जोतिपाल माणवले पनि गर्न सक्छन् ।"

युवराजको सल्लाह उचित ठानी राजा दिसम्पतिले जोतिपाल माणवलाई बोलाउन पठाई उसलाई उनका पिता गोविन्द ब्राह्मणको आसनमा अभिषिक्त गरी पैत्रिक स्थानमा राखे । राजपुरोहितको पदमा अभिषित्त भएपछि पैत्रिक स्थानमा बसी जोतिपाल माणवले आफ्ना पिता गोविन्द ब्राह्मणको अनुशरण गरी सबैलाई सन्तुष्ट पार्दै काम गर्न सफल भए । त्यसैले मानिसहरूले भन्न थाले- "यी गोविन्द ब्राह्मण त महागोविन्द ब्राह्मण नै रहेछन् ।" यसरी जोतिपाल माणवको नाम नै "महागोविन्द" रहन गयो ।

महागोविन्द (जोतिपाल माणवक) युवराज रेणु लगायत राजा दिसम्पतिका अन्य ६ जवान राजकुमार हरूका मित्र थिए । एकदिन दूरदर्शी महागोविन्दले आफ्ना मित्रहरू ६ जवान क्षत्रीय राजकुमारहरूको भविष्य वारे यसरी सोच्न थाल्यो – "दिसम्पति राजा जराजीर्ण र बुढा भइसक्यो । यस अनित्य जीवन वारे कसलाई के थाहा छ । ? राजाको मृत्यु पछि राज्यकर्ताहरूले स्वतः रेणु राजपुत्रलाई राज्य दिनेछन् । अनि बाकि रहेका ६ जवान राजकुमार हरूको दुर्दशा हुनेछ ।" यति सोची महागोविन्द पुरोहित ती ६ जवान राजकुमारहरूलाई उनीहरूको भविष्य सुरक्षा गर्नको लागि कुरा गर्न रेणु राजपुत्र (युवराज) समक्ष जाने सल्लाह दिए ।

६ जवान राजकुमारहरूले महागोविन्दको सल्लाह मनासिव सम्झि आफ्ना दाजु रेणु राजपुत्र समक्ष पुगेर महागोविन्दको सल्लाह वमोजिम कुरा गरे– "दाजु ! हामी तपाइँका सहायकहरू हौं । तपाइँको सुख, दुःख हाम्रो पनि सुख दुःख हो । बुबा वयोवृद्ध भइसक्नु भयो । अनित्य जीवनको केही ठेगाना छैन । भविष्यमा राजाको मृत्यु पश्चात् राज्यकर्ताहरूले तपाइँलाई राज्य दिन सक्छन् । यदि तपाइँले राज्य पाउनु भयो भने हाम्रो पनि भविष्यको ख्याल राखी हामीहरूलाई पनि राज्य बाँडिदिन नभुल्नुस् ।"

भाईहरूको यस्तो कुरा सुनी रेणु राजपुत्रले भने- "मेरो राज्यमा तिमीहरूले नै सुख नपाए अरू कसले सुख पाउँछन् र ? यदि मैले राज्य पाएँ भने तिमीहरूलाई पनि राज्य बाँडि दिनेछु । तिमीहरूले यसको पीर लिनु नै पर्दैन । निर्धक्क भए हुन्छ ।"

केहि समयको अन्तरालमा महागोविन्दको दुरदर्शीता साँचो घटनामा परिवर्तन हुन थाल्यो । राजा दिसम्पतिको मृत्यु पश्चात् राज्य कर्ताहरूले रेणु राजपुत्रलाई राज्याभिषेक गरे । तर राज्य हातमा लिइसके पछि रेणु राजाले पञ्चकामगुणहरू भोग गर्न थाले । पञ्चकाम सुखमा भुल्न थालेका राजा रेणुले आफ्ना भाईहरूलाई दिएको वचन भुल्न थाल्यो ।

यो देखी महागोविन्द बोधिसत्त्वले ६ जवान राजकुमारहरू समक्ष गई होश दिदै भन्न थाल्यो– "दिसम्पति राजाको मृत्यु भइसक्यो । रेणु राजपुत्र राज्यद्वारा अभिषिक्त भई पञ्चकाम सुखहरू भोग गर्दैछन् । कसलाई थाहा छ र यी काममदका कुरा । चित्त भनेको क्षण क्षणमा परिवर्तन भइरहेका हुन्छन् । त्यसैले तपाइँहरूले आफ्नो भविष्य सुरक्षित राख्नका लागि जति सक्यो त्यति चाँडो रेणु राजा समक्ष गई तपाइँहरूको अधिकार माग गर्न जानुहोस् ।"

महागोविन्दको सल्लाहलाई स्वीकार गर्दै राजकुमारहरू सबै आफ्ना दाजु राजा रेणु समक्ष गई उनको पहिला दिएको वचन सम्झाउन पुगे ।

राजकाज सम्हाली राज्यको पञ्चकाम सुखमा भुलेर बसेका राजा रेणुले भाईहरू आई आफ्नो वचन सम्झाउने वित्तिकै झल्यांस निन्द्राबाट बिउँझिएको व्यक्ति जस्तै होशमा आए । अनि उसले आफ्नो गल्ती स्वीकार्दै भाईहरूलाई राज्यको सम्पत्ति बाँडफाँड गरिदिने निर्णय गरे ।



Downloaded from http://www.dhamma.digital

उत्तरमा फराकिलो र दक्षिणमा गाडाको मुख जस्तै साँगुरो भएको राज्यलाई बरावरी सात भागमा बाँड्न सक्षम व्यक्ति महागोविन्द बाहेक अरू व्यक्ति ठहरिएन। त्यसैले राज्य सम्पत्ति बाँडफाँड गर्नको लागि महागोविन्द राजपुरोहितलाई निमन्त्रणा गरियो।

महागोविन्दले पनि सबैलाई चित्त बुझ्ने गरी राज्यलाई ७ भागमा बाँडफाँड गरिदिए। यस कार्यले गर्दा महागोविन्दलाई राजा रेणु सहित सबैले मन पराए। उनी सबैको लोकप्रिय बन्दै गए। महागोविन्दले सात क्षत्री राजाहरू लगायत सात महाधनी महासाल ब्राह्मणहरू र सातसय स्नातकहरूलाई शिक्षा पढाउन थाले।

यसरी महागोविन्द बोधिसत्त्वको यशकीर्ति झन झन फैलिन थाल्यो। उनको शक्ति र क्षमतालाई अनुभव गर्ने व्यक्तिहरूले यसरी उनको प्रशंसा गर्नथाले– "महागोविन्दले त ब्रह्मालाई पनि देख्न सक्छन्। उनले ब्रह्मासंग छलफल गरी सल्लाह लिन सक्छन्।"

मानिसहरूले आफुलाई यसरी प्रशंसा गरेको सुनी महागोविन्दले यसरी सोच्नथाल्यो –"मैले त अहिले सम्म ब्रह्मालाई देखेको र छलफल गर्न पाएको पनि छैन। वयोबृद्ध आचार्य प्राचार्य ब्राह्मणहरूका कथन अनुसार त जसले वर्षादको चार महिना सम्म एकान्तमा बसी करूणा चित्त राखी ध्यान गर्छ, उसले ब्रह्मालाई देख्न र छलफल गर्न सक्नेछ, ब्रह्मासंग आवश्यक सरसल्लाह समेत लिन सक्नेछ भनिन्छ। त्यसैले मैले पनि अब आउने वर्षादको चार महिना सम्म एकान्त स्थानमा बसी करूणा चित्त राखी ध्यान गर्नेछु। मनुष्यहरूसंगको ममत्त्व छाडी एक्लै बसी करूणा चित्त राखी ध्यान गर्दै क्लेशरूपी गन्धहरूबाट मुक्त भई, मैथुनबाट विरत भई रहनाले अमृतरूपी ब्रह्मलोकमा पुग्न सकिन्छ भनी विद्वानजनहरूले भन्ने गर्छन्। त्यसैले क्रोध, मुसावाद, मित्रद्रोह, कंजुस, अभिमान, ईर्ष्या इच्छा, मात्सर्य, परपीडा, लोभ, मद, दोष तथा मोह आदिबाट विमुक्त भई ब्रह्मलोक पुग्नको लागि त मैले घर त्यागी प्रव्रजित हुनु नै राम्रो हुनेछ।"
यति विचार गरी महागोविन्द बोधिसत्त्वले क्रमैसँग रेणुराजा, ६ जवान राजकुमारहरू, सातजवान, ब्राह्मणहरू, सातसय जवान स्नातक ब्राह्मणहरू र भार्याहरूसंग पनि प्रव्रज्या ग्रहणगर्नको लागि अनुमति लिन गए।

प्रवज्या ग्रहण गर्नका लागि अनुमति लिन आएका महागोविन्द राजपुरोहितलाई सबैले प्रव्रजित नहुनका लागि अनुरोध गरे। तर महागोविन्दको ब्रह्मलोक पुग्ने दृढ संकल्पलाई कसैले रोक्न सकेन। बरू महागोविन्दको संकल्पको अगाडि सबैले शीर झुकाई अनुमोदन गर्न बाध्य भए। महागोविन्द को अनुयायी बन्दै तिनीहरू पनि करूणा चित्त राखी ध्यान गर्न प्रव्रजित जीवन विताउने निधो गरे उनीहरू सबैले।

केही दिन पछि केश;दाढी काटी काषाय वस्त्र धारण गरी महागोविन्द ब्राह्मण घर त्यागी अनगारिक प्रवजित भए। महागोविन्द प्रव्रजित भएपछि सात जवान क्षेत्री राजाहरू, सातजवान ब्राह्मण महाशालहरू, सात सय स्नातक ब्राह्मणहरू, समजातीय चालीस भार्याहरू, अनेक सहस्र क्षेत्रीहरू, अनेक सहस्र ब्राह्मणहरू, अनेक सहस्र गृहपतीहरू तथा अनेक स्त्रीगारहरूबाट अनेक स्त्रीहरूले पनि केश खौरी काषायवस्त्रहरू धारण गरी महागोविन्द ब्राह्मणको अनुगमन गरी प्रव्रजित भए।

महागोविन्दले चारौंतर्फको (चार दिशा, माथि र तल गरी दुई दिशा समेत) ६ वटा दिशाहरूको सबै लोकहरूमा मैत्री चित्त, अवैर तथा अद्वेष (क्रोध रहित) चित्त फैलाई सफलतापूर्वक जीवन विताइरहे। मैत्रीको साथसाथै उसले करूणा, मुदिता (अरूको सफलतामा हर्षित हुने) र उपेक्षा (तटस्थ भाव) सहगत चित्त फैलाई विहार गर्न सफल भएका थिए। उनले आफ्ना श्रावकहरूलाई पनि यसरी नै चतुर्ब्रह्म विहार गरी उत्तम र पवित्र जीवन बिताउन उपदेश दिने गर्थे।

यसरी त्यसबेला महागोविन्दको चतुर्ब्रह्म विहार (मैत्री, करूणा, मुदिता र उपेक्षा) को सत्यताले उ निकै लोकप्रिय बन्न सफल भए। भनिन्छ जुन जुन गाउँ, निगम तथा राजधानीहरूमा महागोविन्द ब्राह्मण जान्थे, त्यहाँ त्यहाँ उनी राजाहरू मध्ये पनि राजा समान, ब्राह्मणहरूमध्ये उच्च तहको ब्राह्मण समान तथा गृहस्थहरूका देवता समान हुन्थे। यसरी महागोविन्द ब्राह्मणको निष्कपट र निस्वार्थ व्यवहार देखि प्रभावित जनसमुदायहरूमा कसैलाई हाछ्यूँ आउदाँ वा ठेस लाग्दा समेत उनीहरूले महागोविन्द ब्राह्मणको गुण स्मरण गर्दै उनलाई नमस्कार गर्न पुग्थे।

यसरी महागोविन्द ब्राह्मणले आफु सहित आफ्ना थुप्रै अनुयायीहरूको जीवन सुख र शान्तिमय बनाउन सफल भए। ■



Downloaded from http://www.dhamma.digital

# समर्पण नै सफल जीवन हो

✍ **नरेन्द्रनाथ भट्टराई**

समर्पण भन्नु नै जीवन रस हो । विना सर्व समर्पण जीवन सुखमय हुँदैन । जीवनको यस रहस्यलाई राम्ररी बुझ्न सक्यो भने मात्र जीवन सफल हुन्छ । प्रायशः मानिसको जीवन व्यवहार हेर्ने हो भने मानिस सधैं संघर्षमै व्यस्त छन् ।

महान् सम्रात सिकन्दर विश्वविजय गर्न निक्लनु अगाडि राजमातासंग विदा हुन गए । छोरालाई आशीर्वाद दिंदै राजमाताले भनिन् –

हिन्दूस्तान तिर सन्त-महात्माहरू हुन्छन् रे तसर्थ घर फर्कंदा एउटा दुईता भएपनि सन्त-महात्मा ल्याउन न नबिर्स । सिकन्दर हिन्दुस्तानबाट विजय पताका फहराउँदै फर्कदै थिए । बाटामा एकजना सन्त नदीको किनारामा बसिरहेको खवर राजाकहाँ ल्याए । नाङ्गो तरवार लिएका सैनिकहरू सहित राजाले ती सन्तलाई घेरेर यूनान हिंड भनी भने । सन्यासीले भने, “जुन दिनदेखि मैले सन्यास लिएँ, त्यसदिन देखि मैले कसैको पनि आज्ञा मान्न छोडेको छु ।” सिकन्दरले रिसाएर प्रज्वलित हुँदै नाङ्गो तरवार देखाउँदै भने “यो तरवार देखेका छौ ? यसले काटेर टुक्रा टुक्रा गरिदिउँ ?” सन्तले भने” जुन दिनदेखि मबाट अहंकार हँट्यो त्यसदिन देखि जो काटिनेवाला थियो, त्योसंग मेरो सम्बन्ध विच्छेद भैसक्यो ।

तिमीले काट्न त काटौला तर मलाई काट्न सक्दैनौं । तिमीले त्यसैलाई काट्ने छौ, जसलाई मैले आफैले उहिल्यै काटिसकें ।” सिकन्दरले आवेशमा आएर सन्तलाई काट्न हात उठाए तर उठेको हात तल झरेन । उठेको उठ्यै भयो । आजसम्म नकाँपेको सिकन्दरको हात कामेको देखियो । आफ्नो अगाडि मन्दमुस्कानमा महात्मा खडा थिए । ती महात्माको नाम ददामी थियो । सिकन्दरले फेरि सोधे– “होइन ए सन्त ! तिम्रो मनमा आफूमाथि खतरा आइपर्न लागेको केही अनुभव भएन ? सन्तले भने, “म सुरक्षाको इच्छा नै गर्दिन । म सधैं भगवान्मा समर्पित भएकोले मेरो लागि खतरा र सुरक्षा भन्ने नै छैन । जो, जे आइपर्छ, त्यसैमा म राजी छु ।”

उसको लागि दुर्भाग्य भन्ने पनि हुँदैन । जीवन एक पाठशाला हो, त्यस पाठशालामा सिकाइने र सिक्ने शिक्षा नै समर्पण हो, जसले जीवनमा समर्पण भाव जगाउन सक्छ, उही शिक्षित हुन्छ । जसले समर्पणलाई अँगालेर जीवनरथलाई चल्न दिन्छ, उही ज्ञानी र उही तत्त्वदर्शी हुन्छ उही आत्मदर्शी हुन्छ ।

जति बढि अहंकारी उति बढी असुरक्षित र जति बढि समर्पित उति बढी सुरक्षित हुन्छ ।

जमीन जसको ओच्छ्यान छ, आकाश जसको ओढ्ने छ । गुफा छहरा जसको घर छ, रूख बिरूवा जसको छहारी छ, अभय जसको छाँया छ, यस्ता परम पुरूषलाई केको लागि सुरक्षा ? धन, पद, प्रतिष्ठा बटुल्ने र जीवनमा आइपर्ने दुःखबाट वच्न चाहने काथर मानिसलाई नै कदम–कदममा सुरक्षाको आवश्यकता पर्दछ । पद छिन्लान्, धन चोर्लान्, यस प्रतिष्ठा हर्लान भनेर हरक्षण कदम-कदममा असुरक्षित भएर बारम्बार त्यस्ता मानिस जीउँदै मरिरहन्छन् । ■

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया गतिविधि

१) ने.सं. ११३९ सिल्लाथ्व अष्टमी कुन्हु मैत्री बोधिसत्त्व जमःबहालय् भिक्षुणी केशावती पाखें बुद्धपूजा व धर्मदेशना याना बिज्यात । धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन प्रस्तुत जूगु उगु ज्याभ्वले उपासिका कान्छी माया शाक्यं जलपान प्रायोजन यानादीगु खः ।

२) ने.सं. ११३९ सिल्लाथ्व चतुदर्शी कुन्हु धर्मकीर्ति विहारे भिक्षुणी धम्मवती प्रमुख भिक्षुणीपिं पाखें महापरित्राण पाठ सम्पन्न जूगु खः ।

क्षेत्रपाटी प्रतिमा पुचःया ग्वसालय् सम्पन्न जूग थुगु ज्याभ्वले गुरु पन्ना काजीया नेतृत्त्वय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः पाखें भजन प्रस्तुत जूगु खः ।

पुचः पाखें भजनयात रु. ३०००/– चन्दा सहयोग नं प्रदान जूगु खः ।

३) ने.सं. ११३९ चिल्लाथ्व तृतीय (२०७५/११/२५) कुन्हु सुसाख्वात मार्ग विजेश्वरी च्वनादीपिं भाजु मय्जु मदन महर्जनया म्ह्याय् मय्जु समिका महर्जनया निमन्त्रणाय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन प्रस्तुत जूगु खः । वयकःपिन्त गुरुमांपाखें खाडा गा क्वखायकादीगु व सचीव पाखें लुमन्ति चिं चैत्य लःल्हाय्गु नं जूग खः । भजनयात २५००/– रकम गुहाली स्वरुप बियादीगु खः । ●



Downloaded from http://www.dhamma.digital

# बुद्धधर्म एक परिचय

– इन्द्रनारायण मानन्धर

बुद्ध धर्मलाई सही रूपमा हेर्नु पर्दछ । तर त्यसरी हेर्नेहरू कम नै छन् । यसलाई धर्म नै होइन मान्नेहरू पनि छन् । यो अन्य धर्मको एक अंश हो भन्ने पनि छन् । बुद्धधर्म बौद्धहरूको लागि मात्र भन्नेहरू पनि छन् । यस सन्दर्भमा सर्वप्रथम यो स्पष्ट हुनु जरूरी छ कि धर्म र कर्मको केन्द्रविन्दु ईश्वर होइन हाम्रै चित्त हो । बुद्ध धर्म आंशिक धर्म होइन यो पूर्ण तथा भवचक्रबाट मुक्त पाउन सक्ने व्यावहारिक धर्म हो । बुद्ध धर्ममा सम्प्रदायको घेरा छैन, न यसको सीमाना नै छ, न त अन्य धर्मसंग सघर्ष वा विरोध गर्न अनुयायीहरूको जमातले नै पहरा गराइराख्ने गरेको छ । यसका अनुयायीहरू पनि वाहिरको लागि मैत्री र भित्रको लागि प्रज्ञाको अस्त्र प्रयोग गर्नेहरू हुँदा अरूसंग संघर्ष गर्दैन र आफ्नो अन्तर्मनमा रहेका क्लेशहरूसंग नै संघर्ष गरिरहन्छ ।

भगवान् बुद्धले धर्मदेशनाको क्रममा कहिल्यै गोप्य बैठक वसाल्नु भएन, न त गुप्त उपदेश नै कसैलाई दिए । कसैलाई बुद्ध धर्ममा जर्बजस्ति भित्र्याएको पनि छैन, न कसैलाई यस धर्ममा प्रवेश गर्न नदिएको छ । यसबाट पनि स्पष्ट हुन्छ कि बुद्धको उपदेश तथा उहाँले देखाउनु भएको आर्य-अष्टाङ्गिक मार्ग चार दिवार भित्र रहनेहरू पनि साम्प्रदायिक भावना हुनेहरूको लागि होइन किन्तु सकल प्राणीको लागि नै हो । बुद्ध धर्ममा सारिपुत्त र मौद्गल्यायन जस्ता उच्च ब्राह्मणहरू अनुयायी बन्न आउँदा रोकावट भएन । अंगुलिमाल जस्तो ९९९ व्यक्तिको ज्यान लिने हत्यारा बुद्ध धर्मको शरणमा आउँदा दुटकारिएन शहरमा गुण्डाहरूलाई रमाउने व्यवसायमा लागेकी आम्रपाली जस्तीले बुद्धधर्म अपनाउन आउँदा पनि छेकिएन । सबैको लागि यसमा समान अवसर रहेको उदारता हो । पानीलाई घृणा नगर्नु पापलाई घृणा गर्नु भनी बुद्ध धर्मले सोच्न लगाएको कुरा कम गम्भीर छैन । जन्मले ब्राह्मण वा चाण्डाल हुँदैनन्, कर्मले मात्र ब्राह्मण वा चाण्डाल हुने भन्ने । बुद्धधर्म आदर्श समानको आदर्श हो । शारीरिक शक्ति भन्दा मानसिक शक्ति नै बलियो हुन्छ भन्ने बुद्धधर्मले लिएको दृढता हो । बहुजन हिताय बहुजन सुखायको सिद्धान्त बुद्ध धर्मले अपनाएको महानता हो ।

भगवान् बुद्धले जे भन्ने गरेको छ त्यही गर्ने गरेको पनि छ र जे गर्दछ त्यही भन्दछ पनि । गुह्य र गोप्य न उहाँमा छ, न उहाँले देखाएको धर्ममा नै छ । उहाँको धर्म सार्वजनिक र सार्वकालिक हो । चित्त विशुद्धि गर्नु नै बुद्ध धर्म अपनाउनु हो । आफ्नो चित्त आफैले शुद्ध गर्न सबैलाई बुद्ध धर्मले आह्वान गर्दछ । कसैलाई आदेश दिँदैन । चित्त शुद्ध गर्नेहरूलाई स्वागत गर्दछ तर नगर्नेहरू प्रति घृणा गर्दैन । सिर्फ अज्ञानीहरूको अज्ञानतालाई मात्र हेरी तिनीहरूमा ज्ञान चक्षु होस् र अज्ञानता हटोस् भनी आशिका गर्दछ । परम्परा देखिका दुई विचार धाराहरू यसरी छन् –

१) क्रियावाद :

(कार्यको फल भोग्नु पर्दछ भन्ने विचार धारा)

२) अक्रियावाद :

(कार्यको फल हुँदैन, भोग्नु पनि पर्दैन भन्ने विचार धारा)

यी दुवै विचारधाराहरू मध्ये बुद्ध धर्म क्रियावादको पक्षमा भएको पाउँछौं । क्रियावादको अर्को नाम कर्मवाद हो । आफ्नो कर्मको फल हुन्छ । सो फल कर्मकर्ताले नै भोग्नु पर्दछ भन्ने कर्मवादको विचारधारा हो । कर्मवादमा पनि कर्मको फल भोग्नुपर्ने नपर्ने भन्ने इशवरको हातमा छ भन्ने धारणा बुद्धधर्मले मानेको छैन । कर्मको फल भोग्नु नपर्ने अरूको निगाह वा कृपामा निर्भर हुने होइन, आफैले आफ्नो चित्त परिशुद्ध गरेमात्र या सम्भव हुने बुद्ध धर्मको सिद्धान्त हो । फलफूलको बियाँ जस्तै फल दिन सक्ने कर्म पनि एक बीऊ समान हो । फलफूलको बीउलाई हाँडीमा राखी भुटेपछि त्यस बीऊ बाट पुनः फल दिन समर्थ हुँदैन, त्यस्तै आफ्नो सञ्चित कर्मको फल फल्नु अगाडि नै आफैले आफ्नो चित्त परिशुद्ध गरी अरहन्त हुन सके पुनर्जन्म गराउने कर्मको फल दिन नसक्ने हुन्छ र अर्को जन्म जन्मान्तर भोग्दै जानुपर्ने सञ्चित भइरहेको कर्मको फल भोग्नु नपर्ने हुन्छ । अरहन्तको स्थितिमा नपुगेसम्म प्रत्येक कर्मको फल नभोगी सुख पाउँदैन । हाम्रो शरीर, वचन र मनद्वारा



Downloaded from http://www.dhamma.digital

हामीले प्रतिक्रिया जनाई कर्म बनाउँदछौं भने हाम्रै पहिलेका कर्मले गर्दा नै हामी यो स्थितिमा जन्म भएको पनि हो । कुशल कर्म होस् वा अकुशल कर्म होस् सो हामी संग संगै जुन सुकै जन्ममा पनि आइरहन्छ । अवसर मिल्नासाथ फल दिन्छ पनि । यसै कुरालाई लिएर भगवान् बुद्धले "सब्बे सत्ता कम्मसका" भनी भन्नु भएको हो । यसको अर्थ हो सकल प्राणीहरूको आफ्नो भन्नु नै आफ्नै कर्म हुन् । हामीलाई नरकमा लाने पनि हाम्रै कर्म हो । मनुष्य योनिमा ल्याउने तथा देवलोक र ब्रह्मलोकमा लाने पनि हाम्रै कर्म हो । त्यो कर्म जुन हामीले हाम्रो शरीर, वचन र मनद्वारा बनाउँछौं । त्यही कर्म जसले हामीलाई बनाउँछ र भवचक्रमा घुमाउँछ । यस तथ्य कुराको आधारमा "अत्ता हि अत्तनो नाथो" कोहि नाथो परोसिया" भनी आफ्नो मालिक आफै हो, अरू कोही होइन" भनेर मिथ्या धारणामा रहेकालाई विउँझाउन भगवान बुद्धले उपदेश दिनुभएको हो ।

हामी मनुष्ययोनिमा जन्म हुनु नै हाम्रो कुशल कर्मको फल हो । अतः प्रायः सबै मानिसहरू साधारण अवस्थामा छँदा पाप गर्नमा भन्दा धर्म गर्नमा ढल्कने र रूची गर्ने हुन्छन् । तैपनि मानिसहरूले पाप गरिरहेको पाउँछौं किन होला ? त्यो स्पष्ट तरीकाले सोझो बाटो र त्यसमा लाग्न यथार्थ ज्ञानको अभावमा मानिसहरू अलमलीकन, अज्ञानताले छेकी, धर्म गरेको भन्दा भन्दै पाप गर्न पुगी शुद्ध धर्मको सम्पर्कमा जाने अवसरबाट समेत वञ्चित भैरहेकोले हो । त्यसरी अलमलमा नपरोस् भनी भगवान बुद्धले निम्न १० वटा पाप अथवा अकुशल कर्मवाट वचेर बस्नु नै धर्म वा कुशल कर्म गर्नु हो भनी सरल स्पष्ट रूपमा शुद्ध धर्मको सम्पर्कमा जान सजिलो होस् भन्ने हेतुले धर्मदेशना गर्नुभएको हो । नैतिकतामा आधारित यो धर्ममा लाग्न सहाराका रूपमा पञ्चशील, अष्टशील र दशशील पनि पालन गरी आफ्नो रक्षक सृजना गर्न पनि अर्ति दिनुभएको हो ।

क) शरीरबाट हुने पाप : - प्राणी हिंसा ।
– चोरी । – परस्त्री वा पुरूषसंग व्यभिचार गर्नु ।

ख) वचनबाट हुने पाप :
– झूठो बोल्नु । – कडा वचन बोल्नु ।
– चुकली गर्नु । – फजुल गफ गर्नु ।

ग) मनबाट हुने पाप : – अभिद्या (अरूहरूको सम्पत्तिमा गिद्ध दृष्टि राखी लोभ गर्नु)
– व्यापाद (अरूको लाभमा डाहा गर्नु, हानीमा हर्षित हुनु )
– मिथ्यादृष्टि (उल्टो, गलत धाराणामा रहनु )

उपयुक्तअनुसार वास्तवमा बुद्धधर्म अनुभवको आधारमा अन्तिम सत्य पत्ता लगाएर उदय भएको धर्म हो । भौतिक धर्म (रूप) लाई अष्टकलापको तहसम्म फार्दै, मानसिक धर्म (नाम) लाई रूपको दाँजोमा १७ गुणा द्रुतगतिले उत्पत्ति स्थिति भंग हुने तथ्य पत्ता लगाई चित्तलाई संक्षिप्तमा ८९ र विस्तृतमा १२१ चेतसिकलाई ५२ मा विभाजन गरी देखाइराखेको यो धर्म हो ।

१. दुःख सत्य, २. दुःख समुदय सत्य, ३. दुःख निरोध सत्य
४. दुःख निरोधगामिनि पतिपदा मार्ग सत्य, समेत चतुआर्य सत्य बुद्ध धर्मको मेरूदण्ड समान हो । आर्यअष्टाङ्गिक मार्ग अन्तिम सत्यको सम्पर्कमा जान भगवान् बुद्धले देखाउनु भएको मध्यम मार्ग हो ।

(१) श्रोतापत्ति (२) सकृदागामी (३) अनागामी र (४) अरहन्त

आदि चार लोकोत्तर धर्मको सिँढी हो ।

निर्वाण साक्षात्कार गर्नु नै बुद्धधर्मको अन्तिम लक्ष हो । आमाले आफ्नो वच्चासंग आफू पनि बच्चा सरह भई खेली हेलमेल गर्ने तथा तोते बोली बोलेर बच्चाकै भाषामा सम्झाउने बुझाउने गर्ने गरे जस्तै सर्वसाधारणकै प्रचलित भाषामा सरल तरीकाले व्यवहारिक उपमा दिई सम्झाई बुझाई अभ्यास समेत गराई दुःखबाट मुक्त गर्नेयो सरल धर्म हो । बुद्ध धर्मलाई आफ्नो विवेक बुद्धिले स्वतन्त्र रूपमा पारख गरी चिन्तन मनन गरी आफ्नै अनुभवको आधारमा अरूलाई हानी नहुने आफूलाई फाइदा हुने भनी विश्वस्त भए मात्र स्वीकार गरी अपनाए हुने यो एक स्वतन्त्र धर्म हो ।

हाम्रो हेराई, सोचाई र व्यवहार गराईमा भन्दा बुद्धधर्मका सहीं समझदारीमा अलि फरक छ । साधारण तया हामीले देखेका चन्द्र, सूर्य, पहाडा, समुद्र आदि रूप रहने नित्य हो भनी सम्झन्छौं । त्यो नित्य भन्ने धारणा मात्र हो । बुद्ध धर्म अनुसार ती सब निरन्तर परिवर्तन



Downloaded from http://www.dhamma.digital

भई नै रहेकोले अनित्य हुन्, यो अनित्य भनेको ज्ञान हो । सत्य पनि हो । क्षणिकको लागि भएपनि मन पर्नेलाई सुख र मन नपर्नेलाई दुःख भने गरेकोमा अलि गहिरिएर हेरेमा मन परेको सुख पनि सदा रहिनरहने र सो अन्त भएपछि फेरि दुःख नै हुने हुँदा त्यस्ले सुख भन्नेलाई पनि बुद्ध धर्मले दुःख नै मानी हामीमा रहेका पञ्चस्कन्धलाई नै दुःख भनी लिएको छ । क्षणिक मन परेकोलाई सुख भन्नु पनि धारणा मात्र हो । सो लगायत सबै दुःख नै हो । त्यही सत्य पनि हो । त्यस्तै हाम्रो आत्मा नित्य छ भन्ने आत्मभावमा हामी विश्वास गरी आएका छौ । बुद्ध धर्मानुसार आत्मा एक धारणा मात्र हो । कारण आत्मा कसैले पत्ता लगाएका छैनन् । र यसको सबै पार्टपूर्जा छुट्टा छुट्टै झिकेर निरीक्षण गरी हेर्दा "रथ" भन्ने खास कुनै फेला नपर्ने जस्तै हाम्रो नाम र रूपलाई पनि फार्दै अलग अलग गरी हेरेमा आत्मा भनेको कुनै पत्ता नलाग्ने हुँदा आत्मा छैन भन्ने अनात्मभाव धारणा होइन किन्तु आत्मा छैन भन्ने ज्ञान नै अनात्म हो ।" यस तथ्यलाई भगवान् बुद्धले मात्र होइन उहाँका अनुयायी अरहन्तहरूले विपस्सना ध्यानद्वारा पत्ता लगाई सिद्ध गरिसकेको र हामीले पनि विपस्सना ध्यान भावनाद्वारा सो ज्ञान हासिल गर्न सकिने भएकोले बुद्ध धर्मले हामीलाई पनि सो ज्ञान पत्ता लगाउन जोड दिएको छ ।

हाम्रो चित्तसंग बुद्धधर्मको ज्यादै घनिष्ट सम्वन्ध छ साथै कर्मको पनि हाम्रो चित्तसंग त्यस्तै घनिष्ट सम्वन्ध छ । बुद्ध धर्म हाम्रो कर्मको क्षेत्रमा केन्द्र बिन्दुको रूपमा रहेको हाम्रो चित्त शुद्ध गर्न भगवान् बुद्धले विपश्यना ध्यान भावना सिकाउनु भएको हो । हामीमा सञ्चित पुरानो राग, द्वेष र मोहले गर्दा दैनिक जीवनमा हाम्रो सम्पर्कमा आउने सबैमा मन परेको वा मन नपरेको भन्ने प्रतिकृया हामीले गरी राग, वा द्वेषको बीऊ समाइरहने संस्कारहरू बनाउँदै गइरहने गरेकोमा त्यस्तो नयाँ संस्कार नबनाउन विद्या हामी विपश्यना ध्यान भावनाबाट सिक्छौं । *क्रमश:*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*बि.सं. १९९४ असार १३ गते*

*दिवंगत :*
*बि.सं. २०७५ फागुन १५ गते*

## दि. मैया कंसाकार

कर्ण देवी भोजन पुचः धर्मकीर्ति विहारया दुजः मैंया कंसाकार दिवंगत जुयादिल । वय्कःया छयेंजः पिसं थुगु दुःखंकःगु इलय् भगवान् बुद्धं कनाविज्याःगु संसारया त्रिलक्षण स्वभाव (अनित्य, दुख व अनात्म) यात थ्वीकाः धैर्य धारण याय् फय्मा धकाः कामना याना) नापं दिवंगत जुयादीम्ह मैंयायात नं सुगति निर्वाणया हेतु नं चूलाय्मा धकाः कामना यासे पुण्यानुमोदन याना ।

## कर्णदेवी भोजन पुचः

**धर्मकीर्ति विहार**

श्रीघः, नःघः, काठमाडौं



Downloaded from http://www.dhamma.digital

# म्ह्याय्‌मचा जब भौमचा जुइ

✍ सुनिता मानन्धर

म्ह्याय्‌मचा सदां थ:गु छेँय् च्वने दइ मखु । न्ह्याक्व हे गुणवान जूसां, न्ह्याक्व हे शीलवान जूसां वं थ:गु छेँ त्व: तेमा: । अले थ:, छेँ त्व:ता: मेगु छेँयात थ:गु छेँ यायेमा: । थ्व समाजया नियम ख:, परम्परा ख: । थ: वनागु छेँया न्हूगु परिस्थितिनाप मिले जुया: च्वनेमा: । उकथं थम्हं व्यवहार नं यायेमा : । अन व म्ह्यायमचा मखु भौमचा कथं नां दनी । अभ्र थौंया भौमचा कन्हय् उगु छेँ जक मखु समाजया तकं थाकुलि जूवनी । उकिं भौमचा छेँया छ्ग: थां ख: । गुणवान, शीलवान सद्‌गुणी भौमचां छेँयात स्वर्ग यानाबी । अनया कुरिती कुसंस्कारयात न्हंका बी । थन बुद्धकालया छम्ह मिसामचा विशाखाया जीवनी स्वयेछिं ।

विशाखा धनञ्जय सेठया म्ह्याय् ख: व शीलवान व गुणवानम्ह छन्हु श्रावस्तीया मृगार सेठया काय पूर्णवर्द्धनया लागिं भमचा मायेकल । लमित भमचा मा: जुल । छन्हु उपिं साकेत थ्यन । अन विशाखाया चहपह खन । वया व्यवहारं लमितय्‌सं वयात ययेकल । निगू परिवारया दथुइ सहलह जुल । ब्याहाया दिं क्व:छित ।

ब्याहाया दिनय् प्रसेनजित नं जन्तिइ वल । जन्त व:पिं सकसितं मा: कथंया व्यवस्था धनञ्जय सेठं यात । उगु ई वर्षाद्‌या ई । अय्‌नं अन छुं कथंया अभाव मजू । थ: म्ह्याय्‌यात धका धनञ्जय सेठं महालता आभूषण दयेका: बिल । प्यला तक अन उत्सव जुल ।

छन्हु विशाखायात पित बीगु ई क्व: छित । थ: म्ह्याय्‌यात बिदा बी न्ह्य: धनञ्जय सेठं उपदेश बिल । च्याम्ह कुटुम्बीत स:ता: सहलह नं ब्याकल । पहरिया धन सम्पति, दासदासी । रथ, सल नापं सलंस, मनूत तया: विशाखायात पित बिल ।

विशाखायात मिगार सेठया छेँय् त:जिक लसकुस यात । अन नं छ्वा: तक विहार महोत्सव यात । न्ह्यन्हुया दिनय् अचेलकं साधुतय्‌त स:तल । मिगार सेठं थ: भौमचा विशाखायात स:तके छ्वत । विशाखा नं साधुतय् दर्शन यायेत वल । वं अचेलक साधुत नांगा खन । नांगा साधुत खना: थज्या:पिं साधुत नं अर्हत जुइ ला ? लाज मदुपिं धिक्कार धयाकथं लिहाँ वन । वया खँ न्यना: साधुतय्‌सं मृगार सेठयात धाल – 'थज्या: म्ह अलच्छिनायात छाय् हयागु ? याकनं छेँनं पितिना छ्व ।'

तर मृगार सेठं विशाखायात छुं धाये मफु । वं साधुतय्‌त धाल , 'आचार्य, थ्व मचा हे तिनि । क्षमा यानाबिज्याहुँ ।'

अनंलि साधुत लिहां वन । छुं ई लिपा मृगार सेठं लुँया भुइ तया: जा नल । उगु हे इलय् छम्ह भिक्षु भिक्षाटन बिज्यात । विशाखां सस: अबु ख:सां वास्ता मया: । थ्व खना: विशाखां धाल, 'थन बिज्याहुँ भन्ते, जिमि सस: अबुं बासिगु जा नयाच्वंगु दु ।

थ्व खँ न्यना: मृगार सेठया पालिंनिसे तं पिहां वल । वं थ:गु बेइज्जत जूगु तायेकाल । वं छत्थुं विशाखायात छेँ पिहां वनेगु आदेश बिल । तर विशाखा माने मजू । विशाखां थ:गु दोष क्यंसा जक अन पिहां वनेगु खँ कन । थन सुयागु दोष धका: सीके माल । उकिं धनञ्जय सेठं छ्वया ह:पिं च्याम्ह कुटुम्बीतय्‌त स: तल । कुटुम्बीतय्‌त सेठं दक्वं खँ कन । उमिसं विशाखायात थ: सस: अबुं छाय् बासी जा नयाच्वंगु धइगु धका: नं न्यन । थुकिया लिस: विशाखां थथे् बिल । वय्‌कलं थुगु जन्मय् पुण्य या:गु मदु । न्हापाया जन्मया फल जक नयाच्वन धयागु । थ्व खँ कुटुम्बीत नापं अन च्वंपि सकसिनं सत्य भा:पिल । अनंलि मृगार सेठं विशाखाया मेगु दोष उल । ब्याहा जुयाव:गु न्हापांगु चान्हय् छेँनं छाय् पिहां वन ? थुकिया लिस: वं थम्हं सलया मचा बुइक वनागु खँ कना । छम्ह सेठया म्ह्याय जुया: नं दासीतय् नापं ज्या या: गुलिं सकसिनं विशाखाया प्रशंसा यात । मृगार सेठं विशाखायात भ्रीगु कथंया उपदेश बिउगु खँ ता:गु जुयाच्वन । कि वं विशाखां उपदेश कथं ज्या मया:गु द्वपं बिल । विशाखां थ: अबुं बियाह:गु अर्तिया उल्लंघन मयानागु खँ कन । वं थ:त बिउगु भ्रिगू उपदेशया अर्थ नं स्पष्ट याना बिल ।

थुकथं सकतां खँया छानबिन जुल । विशाखा निर्दोष खनेदत । वं थ: अन च्वने मफइगु खँ थुल । अले थ: अनं पिहां वनेगु बिचा: यात । दास दासीतय्‌त नं वनेत तयार जु धका: उजं बिल ।

थ्व खना: मृगार सेठ पश्चाताप चाल । थ: गुणवान



Downloaded from http://www.dhamma.digital

शीलवान भौमचायात द्वपं बिल धकाः नुगः मछिंकल । वं विशाखायात क्षमा फ्वन । विशाखां बुद्ध सहित भिक्षु संघयात भोजन याकूसा जक च्वनेगु शर्त तल । मृगार सेठं विशाखा नं धाःथें यात । मृगार सेठं छेँय भिक्षु संघयात भोजन याकल । भोजन सिधल । बुद्धं उपदेश बियाबिज्यात । वसपोलं मृगार सेठया मिथ्यादुष्टि नाश जुइकथं ल्वयेक उपदेश बियाबिज्यात । सेठं बुद्धया उपदेश बांलाक न्यन । थुकिं यानाः सेठ स्रोतपन्न जुल । वं थःगु गल्ती थुइकल । बुद्धया न्ह्यःने विशाखायाके माफी फ्वन । अनलि वं धाल, 'थनिनिसें छ जिमिमां सरह जुल ।'

थुकथं मृगार सेठं थः भौ विशाखायात मांया दर्जाय् तल । उगु दिं निसें विशाखायात मृगारमाता धायेगु यात । बौया लागिं म्ह्याय् थःगु छेँनं पित बीगु उलि अःपुगु ज्या मखु । मचांनिसें चिचिपापा याना तइ । अतिकं मतिना याना तइ । थःगु तुतिइ चुइकी । अनं लिपा थःगु छेँनं पितिने माःगु । थ्व छगू बाध्यता नं जुइफु । तर बिशाखाया बौ धनञ्जय सेठं थःगु कर्तब्य पूवंकूगु दु । म्ह्याय् पित बी न्ह्य थःगु छेँय थुकथं व्यवहार यायेमाः । माजु बाजुपिं नाप जक मखु । च्यःभ्वातिं जःलाखःलापिं नाप तकं सत्संगत यायेमा : धइगु अर्ति बिल ।

न्हूगु छेँय् न्हूगु लकसय् न्हूपिं मनूतनापं न्हूम्ह भौमचा च्वने थाकुइफु । उमि व्यवहार नापं भौमचाया व्यवहार पायेफु । तर वहे छम्ह भौमचां छेँयात हिला बीफु । स्वर्ग थेंज्याःगु छेँयात स्वर्ग पाःताः याना बीफु । नर्क थेंज्याःगु छेँयात स्वर्ग याना बीफु । न्हूगु छेँयापिं सकसितं सत्मार्ग क्यना बीफु । थन विशाखायात छम्ह निडरम्ह मिसा कथं नं कायेफु । सदां सत्य खँ ल्हाइम्ह । सत्य खँ ल्हायेत थः ससः अबुया न्ह्यःने दनेफुम्ह । अझ थः ससः अबुयात तकं भिंगु लँपु क्यना बीफुम्ह सत्यवादी कथं विशाखायात कायेफु । अझ थः ससः अबुं मांया दर्जाय् तःम्ह भाग्यमानी मिसा कथं नं कायेफु ।

■

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*बि.सं. १९८५ मंसिर २३*

*दिवंगत :*
*बि.सं. २०७५ माघ १९*

## दि. विष्णु कुमारी मानन्धर

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य **विष्णु कुमारी मानन्धर** दिवंगत हुनुभयो । यस दुःखद घडीमा उहाँका परिवारले संसारको अनित्य स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् । साथै दिवंगत उपासिका विष्णु कुमारीलाई पनि सुगति सहित निर्वाण लाभको हेतु प्राप्त होस् भनी पुण्यानुमोदन गर्दछौं ।

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार**

श्रीघः नघःटोल, काठमाडौं



Downloaded from http://www.dhamma.digital

# The Heaven of 33
## (Chapter 1 Cooperation)

Once upon a time, when King Magadha was ruling in the land, there was a young noble called, 'Magha the Good'. He lived in a remote village of just 30 families. When he was young, his parents married him to a girl who had qualities of character similar to his own. They were very happy together, and she gave birth to several children.

The villagers came to respect Magha the Good because he always tried to help improve the village, for the good of all. Because they respected him, he was able to teach the five steps of training, to purify their thoughts, words and deeds.

Magha's way of teaching was by doing. An example of this happened one day when the villagers gathered to do handicraft work. Magha the Good cleaned a place for himself to sit. Before he could sit down though, someone else sat there. So he patiently cleaned another place. Again a neighbour sat in his place. This happened over and over again, until he had patiently cleaned sitting places for all those present. Only then could he himself sit in the last place.

By using such example of patience, Magha the Good taught his fellow villagers how to cooperate with each other, without quarreling. Working together in this way, they constructed several buildings and made other improvements that benefited the whole village.

Seeing the worthwhile results of patience and cooperation, based on following the gentle ways of the Five Training Steps, all in the village became calmer and more peaceful. A natural side effect was that former crimes and wrong-doing completely disappeared!

You would think this would make everybody happier. However, there was one man who did not like the new situation at all. He was the head of the village, the politician who cared only about his own position.

Formerly, when there were murders and thefts, he handed out punishments. This increased his position of authority, and caused the villagers to fear him. When husbands or wives had affairs with other, he head man collected fines. In the same way, when reputations were damaged by lies, or contracts were not lived up to, he also collected fines. He even got tax money from the profits of selling strong liqour. He did not mind that drunkenness led to many of the crimes.

It is easy to see why the head man was upset to lose so much respect and power and money, due to the people living peacefully together. So he went to the king and said, "My lord, some of the remote villages are being robbed and looted by bandits. We need your help."

The king said, "Bring all these criminals to me."

The dishonest politician rounded up the heads of all 30 families and brought them as prisoners to the king. Without questioning them, the king ordered that they all be trampled to death by elephants.

All 30 were ordered to lie down in the palace courtyard and the elephants were brought in. They realized they were about to be trampled to death. Magha the Good said to them, "Remember and concentrate on the peacefulness and purity that come from following the Five Training Steps, so you may feel loving-kindness towards all. In this way, do not get angry at the unjust king, the lying head man, or the urfortunate elephants."

The first elephant was brought in by his mahout. But when he tried to force him to trample the innocent villagers, the elephant refused. He trumpeted as he went away. Amazingly, this was repeated with each of the king's elephants. None would step on them.

The mahouts complained to the king that this was not their fault. "It must be," they said, "that these men have some drug that is confusing the elephants."

The king had the villagers searched, but they found nothing. Then his advisors said, "These men must be magicians who have cast an evil spell on your mighty elephants!"

The villagers were asked, "Do you have such a spell?" Magha the Good said, "Yes we do." This made the king very curious. So he himself asked Magha, "What is this spell and how does it work?"

Magha the Good replied, "My lord king, we



Downloaded from http://www.dhamma.digital

do not cast the same kinds of spells that others cast. We cast the spell of loving-kindness with minds made pure by following the Five Training Steps."

"What are these Five Training Steps?" asked the king. Magha the Good said, "All of us have given up the five unwholesome actions, which are: destroying life, taking what is not given, doing wrong in sexual ways, speaking falsely, and losing one's mind from alchol.

"In this way we have become harmless, so that we can give the gift of fearlessness to all. Therefore, the elephants lost their fear of the mahouts, and did not wish to harm us. They departed, trumpeting triumphantly. This was our protection, which you have called a 'spell'."

Finally seeing the wholesomeness and wisdom of these people, the king questioned them and learned the truth. He decided to confiscate all the property of the dishonest village head man and divide it among them.

The villagers were then free to do even more good works for the benefit of the whole village. Soon they began to build a big roadside inn, right next to the highway crossroads.

This was the biggest project they had yet undertaken. The men were confident because they had learned so well how to cooperate with each other for a common goal. But they had not yet learned how to cooperate in this work with the women of the village. They seemed to think it was 'man's work'.

By this time Magha the Good had four wives. Their name were Good-doer, Beauty, Happy and Well-born. Of these, the first wife, Good-doer, was the wisest. She wanted to pave the way for the women to benefit from cooperating in doing good work. So she gradually became friendly with the boss in charge of the roadside in project.

Because she wanted to contribute by helping in a big way, she gave a present to the boss. She asked him, "Can you think of a way that I may become the most important contributor to this good work?"

The boss replied, "I know just such a way!" Then he secretly constructed the most important part of the building, the roof beam that would hold the roof together. He wrapped it up and hid it with Good-doer, so it could dry for the time necessary to become rigid and strong.

Meanwhile, the men of the village continued happily in the building project. At last they got to the point of installing the roof beam. They began to make one, but the boss interrupted them. He said, "My friends, we cannot use fresh green wood to make the roof beam. It will bend and sag. We must have an aged dry roof beam. Go find one!"

When they searched in the village, they found that Good-doer just happened to have a perfect roof beam. It was even the right size! When they asked if they could buy it from her, she said, "It is not for sale at any price. I wish to contribute the roof beam for free, but only if you let me participate in building the inn."

The men were afraid to change their successful ways. So they said, "Women have never been part of this project. This is impossible."

Then they returned to the construction boss and told him what had happened. He said, "Why do you keep the women away? Women are part of everything in this world. Let us be generous and share the harmony and wholesomeness of this work with the women. Then the project and our village will be even more successful."

So they accepted the roof beam from Good-doer, and she helped to finish the building of the inn. Then Beauty had a wonderful garden built next to the inn, which she donated. It had all kinds of flowers and fruit trees. So too, Happy had a lovely pong dug, and planted beautiful lotuses in it. But Well-born, being the youngest and a little spoiled, did nothing for the inn.

In the evenings, Magha the Good held meetings in the roadside inn. He taught the people to assist their parents and elders, and to give up harsh words, accusing others behind their backs, and being stingy.

It is said that the lowest heaven world contains the gods of the four directions, North, East, South and West. Because the followed his own teachings, Magha the Good died with happiness in his heart. He was reborn as Sakka, king of the second lowest heaven world.

In time, the heads of all the other families of the village, as well as Good-doer, Beauty and Happy, also died. They were reborn as gods under King Sakka. This was known as the 'Heaven of 33'.

*(Source- Prince Goodspeaker)*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## विषयः अभिधर्म

*२०७५ पुष १४ गते*
*प्रवचिका- रीना तुलाधर*
*प्रस्तुती- मिनरबती तुलाधर*

यसदिन रीना तुलाधरले अभिधर्मको विषयमा प्रवचन दिनु भएको थियो ।

प्रवचनको विवरण यसरी रहेको छ –

भावनाका पाँच प्रकारका मित्र –
(१) श्रद्धा – त्रिरत्न प्रति विश्वास हुनु
(२) स्मृति – होश राख्नु
(३) वीर्य – मेहनत, उत्साह हुनु
(४) समाधि – चित्त एकाग्रता हुनु
(५) प्रज्ञा – विवेक वुद्धि पूर्वक काम गर्नु

भावनाका पाँच प्रकारका शत्रु –
(१) कामच्छन्द – पञ्च काम विषयमा आसक्त हुनु
(२) व्यापाद – वदला लिने भावना
(३) थिनमिद्ध – शारीरिक मानसिक अलशी हुनु
(४) उद्धच्चकुकुच्च – चित्त चञ्चल, पश्चाताप हुनु
(५) विचिकिच्छा – अनावश्यक शंखा हुनु

**निदान** –

भगवान् बुद्धले सातौ वर्षावास त्रायतिंस देव लोकमा आमा सन्तुषित देवता सहित ३३ कोटि देवताहरूलाई अभिधर्मको देशना गर्नु भएको थियो । मनूष्य लोकमा अग्रश्रावक सारिपुत्र भिक्षुलाई संक्षिप्तमा अभिधर्म देशना गर्नु भएको थियो । चित्त – विञ्ञाण जानेको, बुझेको, थाहा पाएकोलाई विञ्ञाण भनिन्छ ।

प्रसाद रूप – ५
(१) चक्खु (२) स्रोत (३) घ्राण (४) जिह्वा (५) काय

इन्द्रिय – ६ वटा
(१) चक्खुविञ्ञाण (२) स्रोत विञ्ञाण
(३) घ्राण विञ्ञाण (४) जिह्वा विञ्ञाण
(५) काय विञ्ञाण (६) मनो विञ्ञाण

**बाहिरि आयतन – छ वटा**
(१) रूप (२) शब्द (३) गन्ध (४) रस (५) स्र्पश (६) धर्म

चित्त संक्षिप्तमा – ८९, विस्तृतमा – १२१
चेतसिक – ५२ वटा

**भूमि अनुसार चित्त** – ४
(१) कामावचर चित्त – कामभूवनमा उत्पन्न हुने चित्त
(२) रूपावचर चित्त – रूपावचर भूवनमा उत्पन्न हुने चित्त
(३) अरूपावचर चित्त – अरूपावचर भूवनमा उत्पन्न हुने चित्त
(४) लोकुत्तर चित्त – लोकवाट उत्रेर जाने चित्त

**कामावचर भूमि** – **११ वटा**
(१) अपाय भूमि – ४ (नर्क, प्रेत, तिर्यक, असुर)
(२) मनुष्य भूमि – १
(३) देवलोक – ६

जम्मा = ११ वटा कामलोक

**कामावचर भूमिमा उत्पन्न हुने् चित्त** – **५४**
(१) अकुशल चित्त – १२
(२) अहेतुक चित्त – १८
(३) सहेतुक कामावचर कुशल – ८
सहेतुक कामावचर विपाक – ८
सहेतुक कामावचर क्रिया – ८

जम्मा = ५४ वटा

## विषय- अभिधर्म

*२०७५ माघ १२ गते*
*प्रवचिका- रीना तुलाधर*
*प्रस्तुती- मिनरवती तुलाधर*

तेस्रो संगायना पछि मात्र अभिधर्मको शुरू भएको थियो । संसारमा जति पनि धर्महरू छन् । ती सबै नै उत्पति हुँदै विनाश हुने जसलाई परमार्थ धर्म भनिन्छ । परमार्थ धर्मलाई देख्न प्रज्ञा चक्षु हुनुपर्छ । परमार्थ धर्म चार प्रकारका छन् । ती हुनः–

(१) **चित्त** – चित्तको मूख्य काम आरम्मणलाई जान्ने, बुझ्ने, अनुभव गर्ने, थाहा पाउने ।

(२) **चेतसिक** – चेतसिकहरू कुनै पनि चित्तको साथ साथै उत्पत्ति भएर चित्तको संगसंगै निरूद्ध भएर जान्छन् । लोभ, द्वेष, मोह, अकुशल चेतसिकहरू हुन ।

(३) **रूप** – रूप तेस्रो परमार्थ धर्म हो । रूप - २८ वटा प्रकारका छन् ।



Downloaded from http://www.dhamma.digital

त्यसमा मूख्य रूपहरू महाभूत (चतुर्महाभूत) ४ वटा छन् । ती हुन –

(१) पथवी धातु – कडा, नरमपनको अनुभव गरिन्छ ।

(२) आपो धातु – तरल पदार्थको रूपमा अनुभव गरिन्छ ।

(३) तेजो धातु – चिसो, तातोको रूपमा अनुभव गरिन्छ ।

(४) वायो धातु – हलन, चलन, गतिको रूपमा अनुभव गरिन्छ ।

(४) **निर्वाण** – चौथो परामार्थ धर्म निर्वाण धर्म हो । क्लेशहरूलाई निर्मुल गर्नु नै निर्वाण भनिन्छ । उत्पत्ति र विनाशको स्वभाव धर्म देखि अलग रहेकोलाई नै निर्वाण भनिन्छ ।

**अकुशल चित्त** – १२, **अकुशल चेतसिक** – **१४ वटा**

हेतु – जरा, कुशल हेतु

(१) अलोभ – त्याग भावना हुनु

(२) अदोष – मैत्री, चित्त राख्नु

(३) अमोह – अनित्य, दुक्ख, अनात्मलाई बुझ्नु र परमार्थ धर्म, चर्तुआर्य सत्य, मार्गफललाई बुझ्नु ।

**अकुशल हेतु** –

लोभ – लोभ, लालची हुनु

दोष – रीस, क्रोध उत्पन्न हुनु

मोह – अज्ञानता हुनु, म, मेरो भन्ने आफ्नो जाति प्रति मोह उत्पन्न हुनु ।

## धम्मपद – बुद्धवग्ग

*२०७५ फागुन २६ गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य*

*प्रस्तुती- राज भाइ तुलाधर*

**सब्ब पापस्स अकरणं, कसुलस्स उपसम्पदा ।**
**सचित्तपरियोदपनं, एतं बुद्धान सासनं ॥**

कुनै पनि पाप कर्म नगर्नु, कुसल कर्महरूको अभिबृद्धि गर्नु, चित्तलाई संधै निर्मल राख्नु – यही नै सबै बुद्धहरूको शिक्षा हो ।

**खन्तीपरमं तपो तितिक्खा, निब्बाणं परमं वदन्ति बुद्धा ।**
**न हि पब्बजितो परुपघाती, न समणो होति परं विहेठयन्तो ॥**

क्षमाभाव र सहनशीलता ठूलो तप हो । निर्वाणलाई सबै बुद्धहरूले परमपद भन्दछन् । प्रव्रजित भिक्षुहरूले अरूलाई दुःख दिने, घात गर्ने काम गर्दैनन् । जसले अरुको हानी नोक्सानी गर्छ उ श्रमण हुँदैन ।

भगवान बुद्धको निजी सेवक आनन्द महास्थवीर को मनमा एकचोटी यस्तो जिज्ञासा उत्पन्न भयो कि भगवानले देशना गर्नुहुने उपदेश र वहाँ भन्दा पहिलेका बुद्धहरूले दिएका मौलिक उपदेशहरू त्यस्तै हुन्छन् अथवा फरक हुन्छन् । आफ्नो जिज्ञासा मेटाउन वहाँले आफ्नो मनमा लागेको कुरा भगवान समक्ष प्रस्तुत गर्नुभयो । तव भगवानले सबै बुद्धहरूको मौलिक शिक्षा एउटै नै हुन्छ भनेर माथिको गाथाहरू व्यक्त गर्नुभयो । जुनसुकै कालखण्डमा सम्यक सम्बुद्ध उत्पन्न भए पनि वहाँहरूले अकुशल कर्मबाट टाढा रहने, कुशल कर्महरूको संचिति गर्दै जाने र चित्तलाई सबै क्लेषहरूबाट मुक्त गरेर निर्वाण प्राप्त गर्ने शिक्षा दिनुहुन्छ ।

## धम्मपद – बुद्धवग्ग

*२०७५ माघ २६ गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य*

*प्रस्तुती- राज भाइ तुलाधर*

**यस्स जितं नावजीयति, जितं, यस्स नो याति कोचि लोके ।**
**तं बुद्धमनन्तगोचरं, अपदं केन पदेन नेस्सथ ॥**

वहाँ सम्यक संबुद्ध जसले सबै किसिममो क्लेशहरूलाई जिती सक्नु भएको छ, अव वहाँलाई यो संसारको कुनै पनि क्लेशले जित्न सक्तैन । कुनै पदचिन्ह (क्लेशको चिन्ह) बाँकि नरहेको, अनन्त प्रज्ञाले युक्त बुद्धलाई कुन पदचिन्हबाट खोज्न सकिन्छ ?

**यस्स जालिनी विसत्तिका, तण्हा नत्थि कुहिञ्चि नेतवे ।**
**तं बुद्धमनन्तगोचरं, अपदं केन पदेन नेस्सथ ॥**

जसलाई तृष्णा रूपी विषयको जालले वन्धनमा पार्न सक्तैन, जो कुनै पनि किसिमको क्लेशमा अल्झेको छैन त्यस्तो अनन्त प्रज्ञाले युक्त बुद्धलाई कुन पदचिन्हबाट खोज्न सकिन्छ ?

उपरोक्त दुईवटा गाथाहरू भगवानले पहिला मारका तीनवटी छोरीहरूको सन्दर्भमा भन्नु भएको थियो । पछि त्यही गाथाहरू मागन्दिय ब्राम्हणकी छोरी मागन्दियाको सन्दर्भमा पनि भन्नु भयो । मागन्दिया धेरै नै राम्री थिइन् । बाह्मणले आफ्नी छोरीको लागि योग्य वर खोज्दै गर्दा एक दिन बुद्धसंग भेट भयो । बुद्धलाई देख्ने वित्तिकै आफ्नी छोरीलाई योग्यवर वहाँ नै हो भनेर पत्नी र छोरीलाई लिन गए । उनीहरूसंग आउँदा बुद्ध आफ्नो पदचिन्ह छोडेर त्यहाँबाट नजीकै अर्को ठाउँमा गइसक्नु भएको थियो । ब्राह्मणीले बुद्धको पाइलाको चिन्ह



Downloaded from http://www.dhamma.digital

देखेर यो व्यक्ति त सांसारिक काम वासनाबाट सर्वथा मुक्त भइसकेको छ भने। तैपनि ब्राम्ह्णले बुद्धसंग विवाहको प्रस्ताव राखे। बुद्धले हुन्छ हुँदैन केही नभनीकन मारको तीनजना सुन्दर छोरीहरूलाई आफुले भनेको कुराहरू दोहोऱ्याउनु भयो। वहाँले भन्नु भएको थियो, "काम वासना, आशक्तिबाट पूर्णतया मुक्त भइ सकेको व्यक्तिलाई कुनै पनि प्रलोभनले असर पार्न सक्तैन।" बुद्धले स्वीकार नगरे पछि मागन्दिया बुद्धको कट्टर विरोधी भइन् तर ब्राह्मण र ब्राह्मणी चाहीं बुद्धको अनुयायी भएर मार्गफल प्राप्त गर्न सफल भए।

**ये झानपसुता धीरा, नेक्खम्मूपसमे रता।**
**देवापि तेसं पिहयन्ति, सम्बुद्धानं सतीमतं॥**

बुद्धको अनन्त गुणहरूलाई मनन गरी सवै प्रकारको आशक्ति त्यागी ध्यान भावनामा पारंगत भइसकेको धीर पुरूषलाई देवताहरूले पनि मन पराउँछन्।

भगवान् बुद्धले एउटा वर्षावासमा तीन महिना सम्म तावतिंस देवलोकमा जानु भएर देवताहरूलाई अभिधर्मको उपदेश दिनु भएको थियो। ती देवताहरूमा बुद्धको आमा पनि हुनुहुन्थ्यो, वहाँ संतुसित नामको देवता भएर देवलोकमा पुनर्जन्म हुनु भएको थियो। उपदेशको अन्तमा सन्तुसित देवता सहित अरू धेरै देवता र ब्रह्माहरूले श्रोतापत्ति फल प्राप्त गरे। तीन महिना पछि आश्वीन शुक्ल पूर्णिमाको राती भगवान देवलोकबाट संकास्यनगरमा फर्कनु भयो जहाँ सारिपुत्तले वर्षावास बिताउनु भएको थियो। त्यसबेला धेरै देवता र ब्राह्माहरू पनि भगवान संगै आएका थिए। भगवानको शरीरबाट छवण्ण रश्मीहरू चम्कीरहेका थिए। सारिपुत्रको नेतृत्वमा ठूलो जनसमूहले भगवानको भव्य स्वागत गरे। यी सबै दृश्यहरू धेरै नै मनमोहक र भव्य थिए। सारिपुत्र अत्यन्तै प्रभावित भएर बुद्धको प्रशंसा गर्दा भगवानले उपरोक्त गाथा भन्नु भयो।

**किच्छो मनुस्सपटिलाभो, किच्छं मच्चान जीवितं।**
**किच्छं सद्धम्मसवनं, किच्छो बुद्धानमुप्पादो॥**

मनुष्य भएर जन्म हुनु, कथिन छ, जन्म भए पनि मृत्यु लोकमा बाँचिरहनु कथिन छ। सद्धर्म सुन्न पाउनु झन कथिन छ भने संसारमा बुद्धको उत्पत्ति हुनु अत्यन्त कथिन छ।

काश्यप बुद्धको पालामा एकजना भिक्षुले आफुले गरेको सानो गल्तीको कारण धेरै पश्चाताप गरिरहे। फलस्वरूप मृत्यु पछि नागलोकमा एरकपत्त नाम गरेको नागराज भएर जन्म लिए। अव उसले फेरि बुद्ध कहिले उत्पन्न हुन्छ भनेर पर्खेर बसे। बुद्ध उत्पन्न भएको छ कि छैन भन्ने थाहा पाउन उसले आफ्नी सुन्दर छोरीलाई केही प्रश्नहरू दिएर खुल्ला ठाउँमा ती प्रश्नहरूको गाना गाउन लगाउने गर्थे र भन्थे कि जसले यी प्रश्नहरूको सही जवाफ दिनेछ उसले मेरी छोरीसंग विवाह गर्न पाउनेछ।

एक दिन भगवान बुद्धले (गौतम बुद्ध) आफ्नो करूणा समापत्ति ध्यानमा उत्तर नाम गरेको एकजना तरूण व्यक्तिलाई देख्नु भयो। भगवानले यो पनि जान्नु भयो कि उत्तरसंग श्रोतापत्ति फल प्राप्त गर्न सक्ने क्षमता छ। उत्तर एरकपत्तको छोरी भेट्न गइरहेको वेला भगवानले उसलाई रोक्नु भयो र प्रश्नहरूको जवाफ कसरी दिने भनेर सिकाउनु भयो। यो सिक्दासिक्दै उत्तरले श्रोतापति फल प्राप्त गरे। अव उसमा नाग राजकुमारी पाउने कुनै अभिलाषा बाँकी रहेन। तैपनि उ गएर धेरै जनाको हितको लागि प्रश्नहरूको जवाफ दिए। जवाफहरू सुनेर एरकपत्तले बुद्ध उत्पन्न भएको छ भन्ने कुरा जाने र उत्तर संगै बुद्ध कहाँ पुगे। उसले आफ्नो पुर्वजन्मको कुरा बुद्धलाई भने। तब बुद्धले उसलाई माथिको दुर्लभ कुराहरू बताउनु भयो।

●

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ आम्रपाली यति राम्री थिइन् कि एकपल्ट उनी विहारमा जाँदा ५०० भिक्षुहरूको मन विचलित नहोस् भनेर बुद्धले विशेष उपदेश (सतिपट्ठान) दिनु परेको थियो।

★ पद्मावती वेश्या आफ्नै छोरो अभय स्थविरको उपदेश सुनेर भिक्षुणी भएकी थिइन्।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

*भिक्षु पञ्ञासार महास्थविरद्वारा संचालित कक्षा*

# अभिधर्म - १

*२०७५ चैत्र २ गते, शनिवार*

*प्रवचक- भिक्षु पञ्ञासार महास्थविर*

*प्रस्तुति- उष्णीषतारा तुलाधर*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको नियमित शनिवारीय कक्षामा गत चैत्र २ गते प्रवचक श्रद्धेय भिक्षु पञ्ञासार महास्थविरले बौद्ध दर्शनको एक गहन विषय 'अभिधर्म'को कक्षा सुरुआत गर्नुभयो । यस गहन विषय बुझ्न सहज होस् भन्नाका लागि विषय प्रवेशदेखि कक्षा सुरु गर्नुभयो । कक्षामा सिकाइएका प्रमुख कुराहरू निम्न रूपले संक्षिप्तमा प्रस्तुत गरिन्छ –

**१. विषय प्रवेश :**

सिद्धार्थ गौतमले २९ वर्षको उमेरमा गृहत्याग गर्नुभई ३५ वर्षको उमेरमा बुद्धगयामा बुद्धत्व लाभ गर्नुभयो र ८० वर्षको उमेरमा महापरिनिर्वाण हुनुभयो । उहाँले बुद्धत्व प्राप्त गर्नुभएदेखि ४५ वर्षसम्म गाउँ-गाउँ, नगर-नगरमा रातदिन नभनीकन मनुष्य, देवदेवता, ब्रह्मा आदिलाई मैत्री तथा महाकरुणा राख्नुभई जाति विभेद, वर्ण विभेद नगरीकन समान रूपले उपदेश दिनुभएको थियो । बौद्ध ग्रन्थहरूमा उल्लेख भएअनुसार बुद्ध २४ घण्टामा २ घण्टा मात्र आराम गर्नुहुन्थ्यो ।

बुद्धले प्रथम धर्मदेशना वाराणसीको इसिपतन मृगदावनमा पंचभद्रवर्गीय भिक्षुहरूलाई दिनुभएको थियो । बुद्धले आफ्नो जीवनकालमा ४५ वटा वर्षावास बिताउनुभएको थियो । यसमध्ये सातौं वर्षावास तावतिंस देवलोकमा बस्नुभई अभिधर्म देशना गर्नुभएको थियो । बुद्धकी आमा मायादेवी देहान्त भएर तावतिंस देवलोकमा सन्तसित देवपुत्र भई जन्म भएको थियो । बुद्धले आफ्नी आमाप्रतिको कर्तव्य पुरा गर्नलाई देवलोकमा अभिधर्म देशना गर्नुभयो । बुद्धले ८० वर्षको उमेरमा 'वय धम्म संखारा अप्पमादेन सम्पादेथ' भन्नुभई यो संस्कार एकदिन विनाश भएर जान्छ, त्यसकारण यस दुःखमय संसारबाट तरेर जानको लागि प्रमादी नभई होसपूर्वक बस्नू भनी अन्तिम उपदेश दिनुभएको थियो ।

बुद्धले ४५ वर्षभित्र देशना गर्नुभएको धर्मस्कन्ध ८४,००० रहेका छन् । यी जम्मै धर्मस्कन्धलाई तीन पिटकमा विभाजन गरिएको छ जसलाई त्रिपिटक भनिन्छ जुन यसप्रकार छन् -

| | | |
|---|---|---|
| १. सूत्र पिटक (वोहार देशना) | - | १८,००० धर्मस्कन्ध (सूत्रहरू) |
| २. विनय पिटक (आणा देशना) | - | २२,००० धर्मस्कन्ध (नियमहरू) |
| ३. अभिधर्म पिटक (परमार्थ देशना) | - | ४२,००० धर्मस्कन्ध (परमार्थ धर्म) |
| **जम्मा** | **-** | **८२,००० धर्मस्कन्ध** |

बाँकी २००० धर्मस्कन्ध श्रावक देशना हुन् । बुद्धका शिष्यहरू सारिपुत्र, मौद्गल्यायन, नन्द, राहुल, महाकाश्यप महास्थविरहरू आदिद्वारा देशित देशनाहरूलाई बुद्धले अनुमोदन गर्नुभएको थियो । यी २००० धर्मस्कन्ध पनि जोडेर ८४,००० धर्मस्कन्ध भएको हो ।

१. **सूत्र पिटक** (**वोहार देशना**) - वोहार देशना भनेको बुद्धले साधारण जनतादेखि राजा, रानी, देवीदेवता, ब्रह्माहरूलाई समय परिस्थितिअनुसार सुन्नेलाई उचित हुने तवरले, उनीहरूको चित्तको अवस्थाअनुसार उपदेश दिनुभएको देशना हो । यसमा कथा सहितको उपदेश छन्, उपमा उपमेय छन् ।

२. **विनय पिटक** (**आणा देशना**) - बुद्धले बुद्धत्व प्राप्त गर्नुभएदेखि २० वर्षसम्म बुद्धशासनमा श्रद्धा राखी भिक्षु बन्नेले बुद्धधर्म ग्रहण गरेका थिए । लगभग २० वर्ष पछि राजा, रानी, महाजनहरूले पनि बुद्धधर्मलाई ग्रहण थालेपछि अरू धर्मावलम्बीहरूभन्दा भिक्षुहरूलाई ठूलो लाभसत्कार प्राप्त भयो । लाभ सत्कारको लागि पनि मानिसहरू बुद्धशासनमा प्रव्रजित बन्न गए । विस्तारै बुद्धशासनभित्र दुई थरीका भिक्षुहरू देखा पर्न थाले । एक थरी निर्वाण प्राप्तिका लागि आएकाहरू र अर्को थरी लाभ सत्कारका लागि आएकाहरू थिए । फलस्वरूप बुद्धशासनभित्र विकृति देखा पर्न थाले । त्यसपछि बुद्धले समाजबाट आउने निन्दालाई रोक्नको लागि आणा देशना गर्नुभयो । आणा देशनामा बुद्धले भिक्षु-भिक्षुणीहरूको लागि प्रज्ञप्त गर्नुभएका विनय (नियम)का कुराहरू छन् ।

३. **अभिधर्म पिटक** (**परमार्थ देशना**) - अभिधर्मलाई परमार्थ धर्म पनि भनिन्छ । परमार्थ ४ वटा छन् । ती यसप्रकार छन् –

१. चित्त परमार्थ –

चित्तलाई दुई प्रकारले गणना गरिएको छ । एक प्रकार - चित्त एउटा मात्र छ, दोस्रो प्रकार - ८९ र १२१ चित्त ।

२. चैतसिक परमार्थ - ५२ वटा

३. रूप परमार्थ - २८ वटा

४. निब्बाण परमार्थ - १ वटा

अभिधर्मलाई सातवटा ग्रन्थमा विभाजन गरिएको छ जसलाई सप्त प्रकरण भनिन्छ । ती हुन् –

१. धम्म संगणि प्रकरण, २. विभङ्ग प्रकरण

३. धातुकथा प्रकरण, ४. पुग्गल पञ्ञति प्रकरण

५. कथावत्थु प्रकरण, ६. यमक प्रकरण

७. पट्ठान प्रकरण



Downloaded from http://www.dhamma.digital

# वर्मा व थाइलैण्ड देश भ्रमण



वर्माया च्याइथ्यू चैत्य क्वय् यात्री समूह

धर्मकीर्ति विहारं २०७५ पौष २० गते निसें माघ ४ गते तक वर्मा व थाइलैण्ड देश भ्रमण क्वचाःगु बुखँ दु ।

पूज्य गुरू धम्मवती गुरूमांया निर्देशन कथं केशावती गुरूमांया संयोजकत्त्वय् व खेमावती गुरूमांया गुहालि कथं थुगु भ्रमण सफलतापूर्वक क्वचाःगु प्राप्त बुखँय् न्हयथनातःगु दु ।

२५ म्ह यात्रातीतसें ब्वति काःगु उगु ज्याभ्वः या यात्रीतसें वर्मा देशय् चाःह्यूगु थाय् थुकथं उल्लेख जुयाच्वंगु दु–

स्वेदगों चैत्य रंगुन, च्याइथ्यू, वगान, माण्डले महामूनी बुद्ध, न्हूगु सहर नपिडो, नपिदोया स्वेदगों चैत्य रंगूनय् पूज्य दोगुणवती गुरूमांया विहार, पण्डिताराम विहार, दोमोलिनी गुरूमांया विहार आदि । यात्री पुचः मध्ये छम्ह उपासकोपासिकापिसं रंगुणया स्वेदगों चैत्ये, लुँसिखः व अंगु छायाः श्रद्धा प्वंकाः पुण्य सञ्चय यानादिल ।

वर्मालिपा थाइलैण्ड चाःहयूगु थाय थुकथं खः । – एमरल्ड बुद्ध, शान्ति सुख विहार, फतया विच व विहार, ताराइमित विहार, अरूण विहार, वातफो, नखमपठम, बुद्ध मण्डल, सफरी वर्ल अयोध्या आदि । ●





Downloaded from http://www.dhamma.digital

## मुटु रोग र मधुमेह रोग सम्वन्धि एकदिने स्वास्थ्य शिविर

*२०७५ फागुण ९ गते, विहिवार*
*स्थान- नगदेश बुद्ध विहार, थिमी ।*

भगवान बुद्धको "२५६३ औं आयुसंस्कार परित्याग दिवस" को स्मरणमा गौतम बुद्ध अन्तर्राष्ट्रिय कार्डियाक (मटु) अस्पताल" कोटेश्वर काठमाडौंका डाक्टरहरूको सहयोग एवं नगदेश बौद्ध समूहको आयोजनामा "एकदिने मुटु रोग र मधुमेह रोग सम्बन्धि स्वास्थ्य शिविर" संचालन गरिएको समाचार छ। प्राप्त समाचार अनुसार सो शिविरमा यस मध्यपुर थिमि नगर - ७, स्थितको "नगदेश" लगायत सिन्धुपाल्चोक र दैलेख निवासी जनताहरू समेत गरी जम्मा १३० जना व्यक्तिले मुटुरोग एवं मधुमेह रोग परीक्षण गराई स्वास्थ्य लाभ गर्नु भएको थियो। मधुमेह रोग परीक्षण लगायत औषधि समेत निःशुल्क वितरण गरिएको थियो। समूहको तर्फबाट सहयोगी अस्पतालका कल्याणमित्र चिकित्सक लगायत अन्य सहयोगीहरूलाई जलपान र भोजनको प्रवन्ध गरिएको थियो।

नगदेश बौद्ध समूहका अध्यक्ष दीपक राज साँपालको अध्यक्षतामा संचालित उक्त सभामा समूहका सचिव उपासक कृष्ण कुमार प्रजापतिले भगवान् बुद्ध द्वारा आयु संस्कार परित्याग गर्नु भएको घट्नाबारे जनानकारी दिनुहुँदै यस्तो पुनित दिनमा संचालित स्वास्थ्य शिविर संचालन गर्नुभएका अस्पतालका प्रमुख डा. विकास सुवेदी लगायत वहाँका टोली कल्याणमित्र समूह र नि: शुल्क औषधि वितरण गर्ने समूह एवं संस्थाप्रति समूहको तर्फवाट साधुवाद एवं धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो। यसरी नै मुटु रोग अस्पतालका वरिष्ठ डा. एवं टोली प्रमुख डा. सुवेदीले पनि नगदेश बौद्ध समूहको सहयोग प्रति कृतज्ञता ज्ञापन गर्नु भएको थियो। अन्त्यमा सभाध्यक्ष दीपकराज साँपालले पनि आफ्नो मन्तव्यका साथ कृतज्ञता ज्ञापन गरी कार्यक्रम समापन गर्नुभएको थियो।

## ४९० जना नेपाली कुलपुत्रहरूलाई दुर्लभ प्रव्रज्या

*लुम्विनी ।*

नेपालका प्रथम संघनायक "अरिय धम्मरक्खित नेपाल बुद्ध सासन वंसालंकारसिरि संघमहानायक अग्गमहापण्डित" भन्दन्त प्रज्ञानन्द महास्थविर भन्तेको ११९ औं जन्म जयन्तिको अवसरमा नेपाली कुलपुत्र ४९० जनालाई प्रव्रज्या गरिएको समाचार छ।

२०७५ फागुण ११ देखि ३ चैत्र सम्म संचालन भएको २३ दिने प्रव्रजित शिविरको संक्षिप्त विवरण यसरी रहेको छ।

कपाल खौरने दिन – फागुण – १३
प्रवज्या दिन – फागुण – १७
भिक्षाटन – फागुण – १८
काठमाडौं फर्कने – फागुण – २९
विभिन्न सहरहरूमा भिक्षाटन – फागुण ३०
शान्ति दीप प्रज्वलन चैत्र २ गते
समापन चैत्र – ३ गते। ●

## २५६३ औ आयु संस्कार परित्याग दिवस र शान्ति स्तुप (चैत्य) अनावरण

*२०७५ फागुण ७ गते, सिपुन्ही ।*
*नगदेश बुद्ध विहार, थिमी ।*

नगदेश बौद्ध समूहको आयोजनामा यसदिन २५६३ औं आयु संस्कार परित्याग दिवस मनाइएको समाचार प्राप्त भएको छ। माघ पूर्णिमाको दिन भगवान् बुद्धले आयु संस्कार परित्याग गर्नुभएको दिनलाई स्मरण गर्दै यस कार्यक्रम संचालन गरिएको कुरा प्राप्त समाचारमा उल्लेख गरिएको छ। भिक्षु कौण्डञ्ञ महास्थविरले शील प्रार्थना गराउनु भएको उक्त कार्यक्रममा विहारका वरिष्ठ उपासिका दिवंगत आशा माया तकोको पुण्यस्मृतिमा उहाँको सद्गति र निर्वाण कामना गर्दै नगदेश बुद्ध विहारको कौशीमा स्थापना गरिएको चैत्य उद्घाटन गरिएको थियो।

प्रमुख अतिथी भिक्षु कौण्डञ्ञले चैत्य अनावरण गर्नुभएपछि उहाँले बौद्ध जगतमा माघ पूर्णिमा (सिपुन्ही) को उपादेयता विषयमा धर्मदेशना गर्नुभएको थियो।

बुद्धपूजा र सामूहिक पुण्यानुमोदन पश्चात् आमन्त्रित भन्ते गुरूमांहरूलाई दानप्रदान गरिएको उक्त कार्यक्रममा दाता हरीराम वाडे सपरिवारको तर्फवाट जलपान र भोजनको प्रायोजन गरी पुण्य सञ्चय गर्नु भएका थिए। ●

Downloaded from http://www.dhamma.digital

आवरण चित्र परिचय

# चमत्कारमा रोक

*लेखक*- **कल्याण मित्र सत्यनारायण गोयन्का**

*अनुवाद*- **वीर्यवती**

त्यस समय राजगिरीका एक श्रेष्ठीलाई एक बहुमूल्य चंदन - सारको गठीलो काठ प्राप्त भएछ। त्यसबेलादेखि उसको मनले यस्तो कुरा सोच्न थाल्यो– "यस चन्दनगांठबाट एउटा पात्र बनाउनु पऱ्यो, अनि त्यो पात्र कुनै एक योग्य व्यक्तिलाई दान दिनु पऱ्यो।"

यति सोची उसले त्यस चंदन गांठ बाट पात्र बनाउन दियो। त्यस पात्रलाई एउटा बाँस ठडयाएर उक्त बाँसको टुप्पोमा झुण्डाईदियो। पात्रलाई अझ माथि झुण्डाउनको लागि एक बाँसलाई अर्को बाँस जोड्दै थुप्रै बाँसहरू राख्न लगायो। जसले गर्दा पात्र धेरै उचाईमा झुण्डिन थाल्यो। यति गरिसकेपछि उक्त श्रेष्ठीले यसरी घोषणा गराउन दियो–

"जुन श्रमण ब्राह्मण अर्हत होस् या ऋद्धिवान् उसले यो दान गर्नका लागि राखिएको चन्दनको पात्र बाँसको उचाईमा पुगेर लिन सक्छ, त्यो पात्र उसको नै हुनेछ।

यो सूचना सुनी राजगिरीका तत्कालिन अनेक प्रसिद्ध-प्रसिद्ध आचार्यहरू त्यहाँ उपस्थित भएर हरेकले श्री श्रेष्ठीलाई यसरी भन्न गए" गृहपति! म अर्हत हुँ, ऋद्धिवान पनि हुँ, त्यसैले त्यो पात्र मलाई दिनु।"

श्रेष्ठी– "भन्ते! यदि तपाइँ अर्हन्त, ऋद्धिवान् हुनुहुन्छ भने यो पात्र त पहिला नै दानको रूपमा अर्पण गरिराखेको हो। त्यसैले तपाइँले पात्र फुकालेर लान सक्नु हुन्छ।"

श्रेष्ठीको कुरा सुनी सबैले निरूत्तर बनी शीर निहुराउँदै आ-आफ्नो बाटो लागे।

त्यस समय आयुष्मान मौदगल्यायन र आयुष्मान पिंडोल भारद्वाज, पूर्वान्ह समय पिंडपात्र लिई राजगिरी मा भिक्षाटनको लागि जानुभयो। तव आयुष्मान पिंडोल भारद्वाजले आयुष्मान मौदगल्यायनलाई यसरी भन्नुभयो–

"आयुष्मान महामौद्गल्यायन! तपाइँ अर्हन्त हुनुहुन्छ, ऋद्धिवान् पनि। तपाईले यो पात्र निकालेर ल्याउनुस्। यो पात्र त तपाईकै लागि हो। "तर आयुष्मान मौदगल्यायन ले यो सुझावलाई स्वीकार गर्नु भएन।

यसबारे आयुष्मान पिण्डोल भारद्वाजले यसरी सोच्न थाल्यो–

"म पनि त अर्हन्त नै हुँ, ऋद्धिवान पनि। मैले नै यो पात्र लिनु पऱ्यो।"

यस्तो निर्णय गरी आयुष्मान पिंडोल भारद्वाजले आकाशमा उडी उक्त पात्र निकालेर तीन पटक सम्म राजगिरी परिक्रमा गरी सबैलाई आफ्नो चमत्कार देखाए।

त्यसपछि आयुष्मान पिण्डोल भारद्वाज पात्र सहित आफ्नो निवास स्थान तर्फ फर्के। धेरैले उनलाई प्रशंसा गर्दै नारा लगाउँदै उनको पछि लागे।

भगवान् बुद्धले यो हल्ला सुनी आयुष्मान् आनन्दसंग यसको कारण सोध्नु भयो –

"आनन्द! यी केको हल्ला हो?"

आनन्द– "भन्ते भगवान्! आयुष्मान पिण्डोल भारद्वाजले राजगिरीका श्रेष्ठीले धेरै उँचाई माथि बाँसमा लट्काएर राखेको पात्रलाई फुट्काएर ल्यायो। मानिसहरूले उसको यही कार्यलाई प्रशंसा गर्दै नारा लगाए। उसको पछि पनि लागिरहेका छन्। भगवान् यही कारणले यो हल्ला भइरहेको हो।"

तब भगवान बुद्धले यस प्रकरणलाई लिएर भिक्षुसंघलाई एकत्र पारी आयुष्मान पिण्डोल भारद्वाजलाई धिक्कार्नु हुँदै भन्नुभयो–

"भारद्वाज। यो अनुचित भयो। श्रमणहरूको प्रतिकूल भयो। अयोग्य भयो। भारद्वाज! काठको यस निर्जीव भाँडाको लागि गृहस्थीहरूलाई तिमीले कसरी ऋद्धि चमत्कार देखायौ? भारद्वाज! न यो अप्रसन्नहरूलाई प्रसन्न पार्नको लागि उपयोगी भयो, न प्रसन्न भएकाहरूका लागि प्रसन्नता बढाउनका लागि उपयोगी भयो।"

यसप्रकार भारद्वाजलाई धिक्कार्नु हुँदै भगवान् बुद्धले भिक्षुहरूलाई सम्बोधन गर्नुहुँदै भन्नुभयो–

"भिक्षुहरू! गृहस्थीहरूलाई ऋद्धि चमत्कार नदेखाउनु। जसले ऋद्धि चमत्कार देखाउँछ, उसलाई दुक्कट (दुष्कृत) का दोष लाग्नेछ।

भिक्षुहरू! यस पात्रलाई फुटाएर टुक्रा टुक्रा पारिदिनु। भिक्षुहरूको अंजन पिस्नको लागि दिनु।

भगवान बुद्धले ठीक विषयमा नै रोक लगाउनु भयो। कुनै पनि धर्माचार्यद्वारा चमत्कार प्रदर्शन गर्नु अत्यन्त खतरनाक हुन्छ। यस्तो कार्यले गैर जिम्मेदार व्यक्तिले जन साधारणलाई ठग्न सक्छन्। उनीहरूको अनुचित शोषण गर्न सक्छन्। धर्मको ऱ्हास हुन सक्छ। आफ्नो मिथ्या प्रसिद्धि स्थापित गर्ने छ। अहंकार जगाएर आफ्नो पतन गर्नेछ। ■

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



साभारः बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का


"भिक्षुहरूले गृहस्थहरूलाई ऋद्धि चमत्कार नदेखाउन आदेश दिनुहुँदै भगवान् बुद्ध"

वर्ष-३६; अङ्क-१२

बु.सं. २५६२, फागु पुन्हि

Downloaded from http://www.dhamma.digital

# देवदहमा भिक्षुणी आवास गृह निर्माणको लागि आर्थिक सहयोगको अपील



अन्तर्राष्ट्रिय भिक्षुणी संघका अध्यक्ष शासनधज्ज धम्माचरिय अग्गमहागन्थवाचक पण्डित श्रद्धेय धम्मवती गुरूमांको सदिक्षा अनुसार देवदह नगरपालिका वडा नं. ७ मा निर्माणाधिन यशोधरा पार्कमा महामायादेवी, प्रजापति गौतमी, यशोधरा देवी र संसारकै प्रथम भिक्षुणी प्रजापति गौतमीको मूर्ति प्रतिस्थापन हुन गइरहेको सहर्ष जानकारी गराउँदछौं । यसै क्रममा उक्त मूर्तिहरूको व्यवस्थापन, निर्माण एवं संरक्षण र रेखदेख गर्न देवदह नगरपालिका वडा नं. ७ सितलनगरमा देवदह नगरपालिका कार्यालयवाट जग्गा उपलब्ध भएको र सो जग्गामा धम्म हल सहितको स्थायी भिक्षुणी आवासगृह निर्माण गर्न गइरहेका छौं ।

मातृशक्तिको श्रोतको केन्द्र, सिद्धार्थ कुमारको मावली र ससुराली समेत रहेको देवदहमा हाल सम्म बौद्ध गतिविधि तथा बौद्ध शिक्षा प्रचार गर्ने कार्य अत्यन्त न्यून अवस्थामा रहेको र सो क्षेत्रका अधिकांश वासिन्दाहरू बुद्ध शिक्षा प्रति अत्यन्त आकर्षित भई श्रद्धाका साथ बुद्ध शिक्षा ग्रहण गर्न इच्छुक भएको समेत हामीले पाएका छौं । यसर्थ उक्त स्थानमा निर्माण हुने भिक्षुणी आवासगृह एउटा भौतिक संरचना मात्र नभई मातृशक्तिको श्रोतको स्थान देवदहमा बुद्ध शिक्षा, संस्कार र धर्म प्रचार-प्रसार गर्न कोसेढुंगा सावित हुनेमा हामी विश्वस्त छौं ।

तसर्थ श्रद्धेय धम्मवती गुरूमांको सदिक्षा अनुसार देवदहमा निर्माण हुन गइरहेको धम्महल सहितको भिक्षुणी आवासगृह निर्माणको पुनित कार्यमा इच्छावान् दाताहरूद्वारा यथासक्य आर्थिक सहयोग गरि पुण्य आर्जन गर्न हार्दिक अपील गर्दछौं ।

**नोट- रू दश हजारभन्दा माथि सहयोग गर्ने दाताहरूको शिलालेखमा नाम लेखिने छ ।**

सम्पर्क :
- **अनोजा गुरूमां - ९८४१३३३९११**
- **अन्तर्राष्ट्रिय भिक्षुणी संघ, श्रीघल, काठमाडौं ।**
- **ज्ञाणवती गुरूमां - ९८४१२६०७१५**

अन्तर्राष्ट्रिय भिक्षुणी संघ देवदहको नाममा बोधि बचत तथा ऋण सहकारी संस्था लि. मा रहेको खाता नं. GS 01697 मा पनि सहयोग रकम जम्मा गर्न सक्नुहुनेछ ।

- **सरु तुलाधर - ९८४९१९४७२८**

Downloaded from http://www.dhamma.digital